का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ वैशाख २०७९,
सोमबार
9 May 2022,
Monday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक


ईपेपर हेर्नु



# निर्णायक दौडधुप

स्थानीय चुनावको प्रचार अवधि सकिनै लाग्दा प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुले देश दौडाहा बढाएका छन् । सत्ता गठबन्धनका शीर्ष नेताहरुले संयुक्त सभा गरिरहेका छ भने त्यसको काउण्टरमा एमालेको सभा चलिरहेको छ ।

मतदातालाई प्रभाव पार्ने खास समय यही हो । यो बेला शीर्ष नेताहरु र उम्मेदवारले गर्ने व्यवहार र बोलीले ठूलो अर्थ राख्छ । उपस्थितिले मात्रै पनि मतदाता प्रभावित हुन सक्छन् ।

■ **सुर्यप्रसाद श्रेष्ठ**
पूर्व प्रमुख आयुक्त, निर्वाचन आयोग

हामी निर्णायक दौडमै छौं, त्यो पनि जित्ने गरी । देशभर एमालेको पक्षमा देखा परेको लहर मतपेटिकामा खस्न मात्रै बाँकी छ ।

■ **सुवास नेम्वाङ**
संसदीय दलका उपनेता, नेकपा एमाले

बहुमतको सरकार चलाउन नसकेर संसद विघटन गरेर मुलुकलाई अस्थिरतातर्फ धकेल्ने शक्तिलाई मतदानबाट आफैं धकेल्न जनता आतुर छन् ।

■ **रामचन्द्र पौडेल**
बरिष्ठ नेता, नेपाली कांग्रेस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ वैशाख ।

चुनाव प्रचारका लागि आज र भोलि (सोमबार र मंगलबार)को समय छ । भोलि मध्यरात १२ बजेदेखि मौन अवधि सुरु हुन्छ । मौन अवधि मतदाताका लागि उम्मेदवार छनोट गर्ने समय हो ।

– बाँकी पृष्ठ २ मा

## भाषण एकातिर, एजेण्डा अर्कातिर

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ वैशाख ।

आगामी बैशाख ३० मा हुने स्थानीय चुनावको प्रचारप्रसारमा हिँडेका शीर्षस्थ नेताहरु एजेण्डा केन्द्रित भन्दा पनि एकअर्काको आलोचनामा मात्रै समय बिताउन थालेका छन् ।

नेकपा एमालेका अध्यक्ष केपी ओली, नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल लगायतका शीर्षस्थ नेताहरुले अर्को दलको आलोचनामा मात्रै समय ब्यतीत गर्न थालेका हुन् ।

आइतबार नेकपा एमालेले गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष ओलीले वैशाख ३० मा सत्तागठबन्धनको ढाडै भाँचिने खड्गो रहेको बताएका छन् । ' ग्रहदशा र राजनीति हेर्ने ज्योतिषी हुन्छन्। अहिले दुबै ज्योतिषीहरू गठबन्धनका अगाडि महासंकट उत्पन्न हुँदैछ भन्छन् । यो ज्योतिषीहरूका कुरा हो। होइन, भने प्रधानमन्त्रीज्यूले ठ्याक्कै ठ्याक्कै मिलाउने उहाँको ज्योतिषीलाई बोलाएर सोधे हुन्छ,' ओलीले भने, 'गठबन्धन रहन्छ र रहन्न भन्ने मेरो कुरा होइन। ज्योतिषीहरूका अनुसार गठबन्धनलाई सबैभन्दा ठूलो खड्गो त यही वैशाख ३० हो। यसैमा गठबन्धनलाई साह्रै ठूलो मर्का पर्नेवाला छ । कस्तो दिन छानेर राख्नु भएछ। वैशाख ३० मा उहाँहरूलाई हुनसम्म हुन्छ, ढाड नै भाँचिने

– बाँकी पृष्ठ २ मा

## अध्यादेश जारी गरेर संसद आह्वान



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ वैशाख ।

जेठ ३ गतेका लागि संघीय संसदको अधिवेशन आह्वान भएको छ । तर, प्रमुख विपक्षी नेकपा एमालेले संघीय संसदमा जारी राखेको अवरोध नहटाउने भएको छ ।

यो अधिवेशनको मुख्य काम बजेट पारित गर्नु हो ।

– बाँकी पृष्ठ २ मा

### एमालेले अवरोध नखोल्ने

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २५ वैशाख ।

जेठ ३ गतेका लागि संघीय संसदको अधिवेशन आह्वान भएको छ । तर, प्रमुख विपक्षी नेकपा एमालेले संघीय संसदमा जारी राखेको अवरोध नहटाउने भएको छ ।

यो अधिवेशनको मुख्य काम बजेट पारित गर्नु हो । बजेट पारित गर्नका लागि संघीय संसद सचिवालयले सेडुल तयार गरेको छ । जस अनुसार जेठ ३ गते अर्थमन्त्रीले बजेटको प्राथमिकता पेश गर्ने, ४ गते पूर्व बजेट छलफल सुरु गर्ने, पाँच गते अर्थमन्त्रीले जवाफ दिने र ७ गते नीति तथा कार्यक्रम पेश गने ।

तर, प्रमुख विपक्षी नेकपा एमालेले भने संसदको कामकारबाहीमा भाग नलिने

– बाँकी पृष्ठ २ मा

## चुनावी सभामा वैदेशिक रोजगार

# कांग्रेसले फ्रिमा पठाउने, एमालेले बन्द गराउने !

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ वैशाख ।

वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रमुख दलहरू प्रायः उदासिन देखिएका छन् । स्थानीय तहको निर्वाचनका क्रममा सार्वजनिक भएका चुनावी घोषणापत्रमा वैदेशिक रोजगार व्यवसाय र यस क्षेत्रमा रहेका समस्याको समाधानका विषयमा केही उल्लेख भएपनि देशव्यापी चुनावी प्रचारप्रसारका क्रममा वैदेशिक रोजगारका विषयमा ठोस र योजनावद्ध कार्यक्रम देखिएका छैनन् ।

विदेशी मुद्राको संचिति घटिरहेको कारण भुक्तानी असन्तुलन गहिरिएको अवस्थामा स्थानीय तहको निर्वाचन भइरहेको छ। यद्यपि चुनावी सभाका वक्ताहरूले वैदेशिक रोजगार समस्याको समाधानका लागि कमै मात्रामा उल्लेख गर्ने गरेका देखिएको छ ।

गत हप्ता नेपाली कांग्रेसकी नेतृ डा. आरजु राणा देउवाले एक चुनावी सभामा चुनावपछि स्थानीय आधा दर्जन युवाहरूलाई फ्रि भिसा र फ्रि टिकटमा वैदेशिक रोजगारीका लागि मलेसिया पठाउने आश्वासन दिएकी छन् ।

आइतबार चितवनमा आयोजित चुनावी सभामा आरजु देउवालाई कटाक्ष गर्दै नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीलाई चुनावमा जिताए पाँच हजार नभई एक करोडलाई रोजगारी सिर्जना गरेर वैदेशिक रोजगार बन्द गर्ने दाबी गरे ।

केही समयअघि सार्वजनिक एमालेको स्थानीय तह निर्वाचन-२०७९ को घोषणापत्रमा वैदेशिक रोजगारीमा जानेका लागि एक स्थानीय तहमा न्यूनतम एउटा सीपमूलक तालिम दिने संस्था निर्माण

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### कुवेतले 'फ्यामिली भिजिट भिसा' खोल्ने

**काठमाडौं/मस–** कुवेतले 'फ्यामिली भिजिट भिसा' खोल्ने तयारी गरेको छ । कोरोना महामारीका कारण कुवेतले गत दुई वर्षदेखि आफ्नो मुलुकमा रोजगारी वा अन्य पेशा व्यवसाय गरि बसेका आप्रवासीहरुका परिवारलाई त्यसअघि दिँदै आएको भिजिट भिसामा रोक लगाएको थियो । हालै बसेको कुवेतको मन्त्रिपरिषद्ले आप्रवासीका पारिवारिक सदस्यहरूलाई भिजिट भिसा दिने निर्णय गरेको कुवेत टाइम्सले जनाएको छ ।

पारिवारिक भिजिट भिसाको लागि कोरोना महामारी अघि तोकिएका तलब, सुरक्षा व्यवस्था, राष्ट्रियता लगायत पहिलेकै मापदण्ड यथावत् रहने पनि उक्त अनलाइनले जनाइएको छ । कुवेतले इराक, पाकिस्तान, सिरिया, एमन, इरान, अफगानीस्तान र उत्तर कोरियाका नागरिकलाई अझै आफ्नो मुलुक प्रवेशमा लगाएको प्रतिबन्ध यथावत् राखेको जनाएको छ ।

**स्थानीय तह सदस्य निर्वाचन, २०७९**
मतदान हुने मिति: वैशाख ३० गते शुक्रबार
मतदानको समय: बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म

**सामाजिक संजालमा केही कुरा सेयर गर्नु अघि सावधान रहौं।**



झुटो, भ्रामक वा हानिकारक सूचनाले निर्वाचन प्रतिको निष्ठामा हानी पुऱ्याउन सक्छ।

**स्रोतलाई ध्यान दिने**
सूचना भन्दा बाहिर गएर समाचारको अनुसन्धान गर्नुहोस्। समाचार राखिएको वेभसाइट, प्रकाशकको लक्ष्य र सम्पर्क ठेगानाको जाँच गर्नुहोस्।

**शीर्षकमात्रै नपढ्ने**
समाचारको शीर्षक आकर्षक बनाइएको हुन सक्छ तर त्यसभित्रको समाचारमा के छ पढ्नुहोस्।

**मिति ठीक छ/छैन हेर्ने**
पहिले प्रकाशन गरिएका समाचार समय सान्दर्भिक छन् कि छैनन् ध्यानपूर्वक हेर्नुहोस्।

**ठट्टा वा व्यङ्ग्य त होइन?**
के समाचार ठट्टा वा व्यङ्ग्यको रूपमा प्रकाशन गरिएको त होइन? प्रकाशक र लेखकका बारेमा राम्रो अध्ययन गरी ढुक्क हुनुहोस्।

**लेखकका बारेमा पत्ता लगाउने**
समाचार कसले लेखेको हो, के ती लेखक सही, वास्तविक र विश्वसनीय छन् भनि यकिन गर्नुहोस्।

**प्रकाशित समाचारको स्रोत हेर्ने**
समाचारमा दिइएका सूचनाहरूलाई समावेश गरिएका स्रोतहरूले सहयोग गर्छन् कि गर्दैनन् पत्ता लगाउनुहोस्।

**पूर्वाग्रही नहुने**
के तपाईंको आफ्नो धारणा, विचार तथा पूर्वाग्रहले समाचारको बुझाईमा फरक परिरहेको त छैन । पूर्वाग्रहरहित हुनुहोस् ।

**विज्ञलाई सोध्ने**
विषय विज्ञसँग छलफल गर्नुहोस्। सूचनाको सत्य-तथ्य जाँच गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com
२६ वैशाख २०७९, सोमबार
9 May 2022, Monday

## मतदाता भन्छन् :

# ‘हाम्रालाई होइन, राम्रालाई रोजौँ’

**सुशीला रेग्मी/रासस**
रामपुर (पाल्पा), २५ वैशाख

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन आउन पाँच दिन मात्रै बाँकी छ । आसन्न स्थानीय तहको निर्वाचनले मुलुकमा निर्वाचन-उल्लासयुक्त वातावरण बनेको छ ।

निर्वाचनको मिति नजिकिँदै जाँदा विभिन्न दलका उम्मेदवार आफ्नो पक्षमा मतदान गर्न मतदाताको घरदैलोमा पुगिरहेका छन् । मतदाता भने विकासप्रेमी, सक्षम उम्मेदवारलाई मतदान गर्ने पक्षमा देखिन्छन् ।

विगतका निर्वाचनमा कुनै राजनीतिक दलका पक्षमा रहेर मतदान गरेका मतदाता अब गाउँको विकासका लागि दलगत स्वार्थभन्दामाथि रहेर काम गर्ने उम्मेदवारलाई छनोट गरी मतदान गर्ने बताउँछन् । विभिन्न राजनीतिक दलका उम्मेदवार आफ्नो पार्टीको पक्षमा मतदान गर्न आह्वानसहित गाउँमा आउने गरे पनि उम्मेदवार हेरेर मात्रै मतदान गर्ने बताउँछन् रामबहादुर राना ।

‘गाउँमा विकास हुनुपऱ्यो, हामी जनताले विकास अभावमा निकै समस्या भोग्नु परेको छ, अब पनि हामी पार्टीभन्दा माथि उठेर हाम्रालाई होइन राम्रालाई रोज्नुपर्छ, यसो गरिएन भने विकासले गति लिन सक्दैन, हामीलाई चाहिएको विकास हो’ उनले भने ।

चुनावको सरगर्मीले यतिबेला बाटो, सभासमारोह, धनी-गरिब, अशक्तका घरदेखि चिया पसल र विभिन्न समाजिक सञ्जालमा सक्षम र योग्य उम्मेदवारका पक्षमा मतदान गर्ने सम्बन्धमा मतदाताले आफ्ना विचार राखिरहेका छन् । गाउँघरमा नागरिक शिक्षित र सचेत हुँदै जाँदा कुनै दलको पार्टी कार्यकर्ता भएर मतदान गरेका नागरिक अब सक्षम र योग्य उम्मेदवारलाई मतदान गर्नुपर्ने उनीहरुको तर्क चलिरहेको पाइन्छ ।

मतदाता आफैँ ‘हाम्रालाई होइन, राम्रालाई मतदान’ गर्न चुनावी प्रचारप्रसारका व्यस्त देखिएका छन् । राजनीतिक दलले आ-आफ्नै ढङ्गले गाउँघरमा चुनावी अभियान तथा घरदैलो कार्यक्रम गरे पनि यहाँका मतदाता भने गाउँ छिमेकमा हाम्रालाई नहेरी राम्रालाई मतदान गर्न चुनावी माहोलमा जुटेका छन् ।

राम्रा व्यक्तिलाई मतदान गर्ने अधिकार मतदातालाई छ । कसैको पनि प्रलोभनमा नपरी आफूले योग्य ठानेको राम्रा व्यक्तिलाई मतदान गरियो भने गाउँमै सबै कुराको सुख सुविधा हुने ज्येष्ठ नागरिक तिलकुमारी उपाध्याय बताइन् । उनले भनिन्, ‘यसभन्दा अघि पनि धेरैपटक मतदान गरियो, यहाँबाट निर्वाचन जितेपछि नेता शहर पस्ने गर्दा गाउँको विकास भएन, अहिले स्थानीय सरकार आएपछि विकासको ढोका खोलिएको छ, अबको निर्वाचनमा जनताको मन जितेर काम गर्ने उम्मेदवारलाई मतदान गर्नेछौँ ।’

गाउँको विकास चाहने हो भने पार्टी नहेरी व्यक्ति हेरेर भोट हाल्ने मतदाताले ‘हाम्रालाई होइन राम्रालाई रोजौँ’ यी विषयमा जान्नु र बुझ्नु आवश्यक रहेको उनीहरु बताउँछन् । नेतृत्व सम्हालेपछि कतिपयले आफ्ना कार्यकर्तालाई मात्रै विभिन्न योजनाका काम सुम्पने, उपभोक्ता समितिमा आफू निकटका व्यक्तिलाई स्थान दिँदा गाउँमा सोँचेअनुसारको काम नभएको युवा प्रदीप पाण्डेयले बताए ।

‘निर्वाचनमा कुनै दलको उम्मेदवार भए पनि चुनाव जितेपछि सबैको साझा व्यक्ति बन्नुपर्छ, सबैलाई समेटेर लैजानसक्ने नेतृत्वको खाँचो छ, विकास निर्माण तथा विभिन्न योजनाका काममा आफू निकटका व्यक्ति, कार्यकर्तालाई मात्रै समेट्दा काममा पारदर्शिता पनि हुँदैन’ उनले भने ।

निर्वाचनको समयअगावै मतदातासमक्ष विभिन्न आश्वासन बाँड्ने र नेतृत्वमा पुगेपछि सो आश्वासन पूरा नगर्ने परिपाटी नेतृत्वमा देखिएको स्थानीय बताउँछन् । साथै, यहाँका मतदाताले झुठो र बोलेका कुरा पूरा गर्न नसक्ने आश्वासन नदिन अनुरोध गरेका छन् ।

सामान्य भौतिक पूर्वाधार पनि खडा हुन नसकेको गाउँमा विदेशी देशसँग तुलना गरेर विशाल सहर बनाउने योजना लिएर चुनावका बेलामात्र मतदातासँग हात नजोड्न उनीहरुको अपिल छ । चुनाव नजिकिँदै गर्दा र यससम्बन्धी माहोल खडा भइरहँदा गाउँगाउँमा मुखले राम्रोका पक्षमा भाषण गरेको देखाउँदै जनतालाई भोज भतेरदेखि विभिन्न प्रलोभनमा पार्दै हाम्रालाई जिताउन विभिन्न दलका नेता कार्यकर्ता कम्मर कसेर लागेको देखिन्छ ।

# निर्वाचनमा खटिँदा निधन भएमा परिवारलाई २० लाख सहयोग



**काठमाडौं/मस-** सरकारले स्थानीय तहको निर्वाचनका लागि सुरक्षामा खटिएका सुरक्षाकर्मीको मृत्यु भएमा निजका आश्रित परिवारलाई २० लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ । गृहमन्त्री बालकृष्ण खाँणको प्रस्तावमा आइतबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले निर्वाचन अवधिभर सुरक्षामा खटिने म्यादी प्रहरीसहित सुरक्षाकर्मीको मृत्यु भएमा निजका आश्रित परिवारलाई २० लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

उक्त सहायता नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा म्यादी प्रहरीको हकमा लागू हुनेछ । त्यस्तै बैठकले निर्वाचनको क्रममा घाइते भएका सुरक्षाकर्मीको उपचारमा लागेको खर्च पनि सरकारले व्यहोर्ने निर्णय भएको गृहमन्त्रीको भनाइ उद्धृत गर्दै प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिए । बैठकले हिमाली जिल्लामा खटिने म्यादी प्रहरीका लागि प्रहरी जवानसरह जिल्लागत दररेटअनुसार रासनभत्ता उपलब्ध गराउने निर्णय पनि गरेको उनको भनाइ थियो ।

# वर्षाअघि मेलम्चीको पानी रोकिने



**काठमाडौं/मस-** मेलम्ची खानेपानी आयोजना विकास समितिले वर्षा सुरु हुनुभन्दा पहिले मेलम्चीको पानी ल्याउन रोक्ने भएको छ ।

दुई साता पहिले अस्थायी संरचनाबाट पानी पुनः काठमाडौं ल्याउन थालिएको भएपनि वर्षाले आयोजनास्थलमा थप क्षति नपुगोस् भन्ने उद्देश्यले पानी नियमित ल्याउन नसकिने समितिले जनाएको हो ।

हाल दैनिक १७ करोड लिटर पानी काठमाडौं उपत्यकामा ल्याएर वितरण भइरहेको छ । गतवर्ष असारको पहिलो दिन नै बाढी र पहिरोले आयोजनामा क्षति पुगेकाले यो वर्ष सतर्क हुनुपर्ने अवस्था रहेको आयोजनाका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले बताए । उनले भने, ‘सुरुङभित्रै बाढी नपरोस् भन्ने उद्देश्यले वर्षा सुरु हुनुअगावै बन्द गर्नुपर्ने छ ।’ काठमाडौं उपत्यकामा पुनः पानी आउन थालेपछि उपत्यकाबासी खुसी भएका छन् ।

कतिपय स्थानमा नागरिकले पानी नआएको वा कम आएको गुनासो गरेपनि गत वर्षभन्दा वितरणसम्बन्धी गुनासो कम भएको जनाइएको छ । वर्षाको अवधिभर मेलम्चीको पानी ल्याउन नसकिँदा सुन्दरीजलमा बागमतीको पानी नै प्रशोधन गरेर ल्याउने विषयमा पनि छलफल भइरहेको समितिले जनाएको छ ।

गत ११ गते खानेपानीमन्त्री उमाकान्त चौधरीले काठमाडौं उपत्यका खानेपानी लिमिटेड, बानेश्वर शाखाको कार्यालयमा चाबी (भल्भ) खोलेर पुनःवितरण सुरु गरेका थिए । पहिलो दिन पाँच करोड लिटर पानी वितरण सुरु भएकामा क्रमशः आठ करोड हुँदै १७ करोड लिटर पानी वितरण गर्न थालिएको हो ।

गत वर्ष फागुनमा पहिलो पटक पानी पथान्तरण सुरु गरिएको थियो । उपत्यकामा तीन महिना पानी वितरण गरेर सुरुङको परीक्षणका लागि असार १ गतेबाट सुरुङ बन्द भएको थियो । सोही दिनमा आएको बाढीले यहाँका हेडवर्कलगायतका विभिन्न संरचनामा क्षति पुगेपनि मुख्य सुरुङमा धेरै क्षति पुगेको थिएन ।

असारमा पटक-पटक बाढी आइरहँदा त्यहाँ रहेको निर्माण कम्पनीको संरचनामा समेत क्षति पुगेको थियो । वर्षा सकिएपछि पनि आयोजनास्थलको पहुँच सडक बगेकाले लामो समयसम्म मर्मत हुन सकेको थिएन । सडक अस्थायी मर्मतपछि आयोजना स्थलमा पुगेर त्यहाँका अवरोध हटाइएको थियो ।

अस्थायी रुपमा पानी सञ्चालनका लागि तयारी भए पनि अझै आयोजना सम्पन्न भइसकेको छैन । आयोजना स्थलभन्दा माथिल्लो भागमा बाढीले गरेको क्षतिको सुधार भइसकेको छैन । दातृ निकाय एशियाली विकास बैंक (एडिबी)ले यहाँ भएको क्षतिको अध्ययन गरिरहेको छ । बैंकले छिट्टै त्यसको प्रतिवेदन आउने बताएको समितिले जनाएको छ ।

# बिरामीको हवाई उद्धार



**रसुवा/मस-** दक्षिणी रसुवाको डाँडागाउँबाट एक बिरामीको हवाई उद्धार गरिको छ । यसरी उद्धार हुनेमा रसुवा जिल्ला उत्तरगया गाउँपालिका-२ कटुञ्जे निवासी ७० वर्षकी राधिका सापकोटा रहेकी छिन् ।

डाडागाउँ स्वास्थ्य चौकीका (सिअहेव छैटौं-तह) स्वास्थ्यकर्मी विश्वराम देवकोटाका अनुसार आइतबार बिहान लडेर घाइते भएकाले उनलाई काठमाडौँस्थित न्यूरो अस्पतालमा हेलिकप्टरद्वारा पठाइएको हो । भौगोलिक विकटता भएको उक्त क्षेत्रमा घाइते सापकोटाको स्वास्थ्यमा जटिलता बढेपछि स्वास्थ्यकर्मीको परामर्शमा उहाँका आफन्तजनले हेलिकप्टर झिकाएको बताइएको छ । जटिल अवस्थाको बिरामी उद्धारका लागि हिमाली जिल्ला रसुवाका नागरिकले हेलिकप्टर रिर्जव गर्नुपर्ने बाध्यता छ भने समयमै शुल्क बुझाए पनि हेलिकप्टर कम्पनीले अपराह्न मात्र उडान भरेको आफन्तले बताएका छन् ।

## निर्णायक...

यसकारण उनीहरुलाई प्रभाव पार्न राजनीतिक दलहरु निर्णायक दौडमा छन् । खासगरी पाँच दलीय गठबन्धन र नेकपा एमाले चुनावी मैदानमा प्रतिस्पर्धी देखिएका छन् । यो बेला शीर्ष नेताहरुको दौडाह उस्तै छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायत गठबन्धनका शीर्ष नेताहरु एकै दिन दर्जन कार्यक्रममा पुगिरहेका छन् । तीन वटासम्म संयुक्त सभालाई सम्बोधन गरिरहेका छन् ।

नेकपा एमालेका अध्यक्ष केपी ओली लगायत शीर्ष नेताहरुको दौडाह उस्तै छ । देशका बिभिन्न ठाउँमा पुगेर गठबन्धनको भन्दा आफ्ना उम्मेदवार सक्षम रहेको, आफ्नो पार्टीले चुनाव जितेमा विकासको लहर ल्याउने सपना देखाइरहेका छन् ।

निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्त सुर्यप्रसाद श्रेष्ठ राजनीतिक दलहरुको निर्णायक दौडमा रहनु स्वभाविक ठान्छन् । ‘मतदातालाई प्रभाव पार्ने खास समय यही हो’ उनी थप्छन्, ‘यो बेला शीर्ष नेताहरु र उम्मेदवारले गर्ने व्यवहार र बोलीले ठूलो अर्थ राख्छ । उपस्थितिले मात्रै पनि मतदाता प्रभावित हुन्छन् ।’

नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङ एमाले स्थानीय तहमा बहुमत ल्याउने गरी निर्णायक दौडमा रहेको बताउँछन् । नेम्वाङ भन्छन्, ‘हामी निर्णायक दौडमै छौं त्यो पनि जित्ने गरी । देशभर एमालेको पक्षमा देखा परेको लहर मतपेटिकामा खस्न मात्रै बाँकी छ ।’ नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेल संसद विघटन गरेर मुलुकमा अस्थिरता निम्त्याउनेलाई दण्डित गर्न नागरिकहरु आतुर रहेको दलिल गर्छन । नेता पौडेल भन्छन्, ‘छँदाखाँदाको बहुमतको सरकार चलाउन नसकेर संसद विघटन गरेर मुलुकलाई अस्थिरतातर्फ धकेल्ने शक्तिलाई मतदानबाटै आफैँ धकेल्न जनता आतुर छन् ।’

नेकपा माओवादी केन्द्रका नेता बर्षमान पुन संविधान र लोकतन्त्र बचाउनका लागि बनेको गठबन्धनका उम्मेदवारहरुलाई जनताले अनुमोदन गर्ने विश्वास राख्छन् । ‘हाम्रो प्रयास मुलुकमा समावेशी समानुपातिक सहभागिता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बचाउने हो । यो विषय जनतामा पुगेको छ मतदानबाट फैसला हुने समय आएको छ’ नेता पुनले भने ।

यो पटक ठूला राजनीतिक दलहरुले स्थानीय तहको एजेण्डा भन्दा केन्द्रीत राजनीतिलाई नै प्राथमिकतामा राखेका छन् । स्थानीय स्तरमै उम्मेदवारहरुले चुनावी घोषणापत्र मार्फत विकास र समृद्धिका एजेण्डा अगाडि सारेका छन् । केन्द्रीय घोषणापत्रमा आफ्नो पार्टीले चुनाव जितेमा स्थानीय तहमा के कस्ता नीतिगत कार्य गर्ने विषय समावेश छ । तर, विपक्षी दलहरुको चरित्र विश्लेषण पनि प्राथमिकतामा परेको देखिन्छ ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल भन्छन्, ‘ दलहरुले आफ्ना एजेण्डा जनतामा पुऱ्याएका छन् । मौन अवधिमा मतदाताले स्वतन्त्र रुपमा मतदानको निर्णय गर्ने समय हो । यो अवधिमा हुन सक्ने आचारसंहिता विपरितका कार्यप्रति आयोगले ख्याल गर्छ ।’

उनका अनुसार मौन अवधिमा कुनै प्रकारको प्रचार गर्न बन्देज लगाइएको छ । अन्तर्राष्ट्रिय नाकाहरु बन्द गरिनेछन् । सामाजिक संजालको प्रयोगमा पनि ख्याल गर्ने आयोगले जनाएको छ । मौन अवधिमा भित्रि रुपमा पैसाको प्रलोभन देखाउने प्रवृति विगतमा देखा परेकाले त्यसलाई पनि आयोगले नजिकबाट नियाल्ने गरी संयन्त्र विस्तार गरेको जनाएको छ । मतदाताको घर जान नै उम्मेदवारलाई रोक लगाइएको हुन्छ । कोही गएको अवस्थामा आयोगले आवश्यक छानविन गरी उम्मेदवारी रद्द गर्ने सम्मको अधिकार राख्ने प्रवक्ता पौडेल बताउँछन् ।

## भाषण...

गरी भन्ने ज्योतिषीहरूको कुरा, म ज्योतिषी होइन’ उनले भने ।

उनले चुनाव केन्द्रित भाषणमा मात्रै होइन, अन्य समयमा पनि शीर्षस्थ नेताहरुलाई कुकुर, बिरालो, माकुरो, छेपारो, कुहिएको फसी लगायत नाम दिएर आलोचना गरिरहेका हुन्छन् । उनीमात्रै होइन, कांग्रेसका सभापति शेरबहादुर देउवा, नेताहरु रामचन्द्र पौडेल, गगन थापा र विश्वप्रकास शर्मा लगायत नेताले पनि एमाले र केपी ओली विरुद्ध तुच्छ अभिव्यक्ति दिइरहेका हुन्छन् ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले एमाले अध्यक्ष केपी ओली प्रजातन्त्रको खिलापमा रहेको अरोप लगाउँदै आएका छन् । आईतबार पनि चुनावी ‘ओलीजी प्रजातन्त्रको पक्षमा हुनुहुन्न, खिलापमा हुनुहन्छ, त्यसैले ओलीको आतङ्की शासन हटाउन गठबन्धन गरेका हौँ’ चुनावी सभालाई सम्बोधन गर्दै देउवाले भने । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि केपी ओली राजावादी भएको आरोप लगाउँदै आएका छन् । ‘लोकतन्त्र र संघीयता विरोधीलाई परास्त गर्न यो गठबन्धन जन्मेको हो, अर्को राजावादीको गठबन्धन आएको छ,’ पोखरामा आइतबार सत्ता गठबन्धनले गरेको चुनावी सभामा उनले भने, ‘उनीहरुले जिते देशमा राजनीतिक दुर्घटनाको खतरा छ’ चुनावी सभालाई सम्बोधन गर्दै उनले भने । उनी मात्रै होइन, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले पनि ओलीलाई गफाडी र बयलगाडाको प्रवर्तक भएको बताउँदै आएका छन् । ‘केपी ओलीज्यूको बखान गर्न जरुरी छैन, हजार जिब्रा भएका शेष नागको व्याख्या गर्न सकिदैन, उनी त वयलगाडा दर्शनका प्रवर्तक हुन्, बयलगाडा चढेर वासिङटन जानु र नेपालमा राजतन्त्र फालेर गणतन्त्र ल्याउनु उस्तै उस्तै कुरा हो भनेर निराशा छर्ने व्यक्ति हुन् ओली । गणतन्त्र विरोधी व्यक्ति, आज गणतन्त्र विरोधीसँग साँठगाँठ गर्दैछन्, त्यसकारण केपी ओली बयलगाडाका दार्शनिक हुन्’ उनले भने । चुनावमा जनता माझ भोट माग्न गएका शीर्षस्थ नेताहरु एजेण्डा केन्द्रित भन्दापनि आलोचना केन्द्रित हुँदा जनताको विश्वास थप घट्ने देखिएको छ । तरपनि, उनीहरु एकअर्काको आलोचना खुलेरै गरिरहेका हुन्छन् ।

## अध्यादेश...

बजेट पारित गर्नका लागि संघीय संसद सचिवालयले सेडुल तयार गरेको छ । जस अनुसार जेठ ३ गते अर्थमन्त्रीले बजेटको प्राथमिकता पेश गर्ने, ४ गते पूर्व बजेट छलफल सुरु गर्ने, पाँच गते अर्थमन्त्रीले जवाफ दिने र ७ गते नीति तथा कार्यक्रम पेश गने । तर, प्रमुख विपक्षी नेकपा एमालेले भने संसदको कामकारबाहीमा भाग नलिने पूर्ववत अडान कायमै राखेको छ । एमालेकी सचेतक शान्ता चौधरीले अवरोध कायमै रहने बताएकी हुन् ।

एमालेले २३ भदौ २०७८ देखि जारी संसदमा अवरोध जाीी राखेको छ । ‘हामीले उठाएका विषय सम्बोधन भएका छैनन् । सरकार र सभामुख जिम्मेवार नहुँदासम्म प्रतिनिधिसभाको अवरोध खुल्दैन’ सचेतक चौधरीले भनिन् ।

माधव नेपाल सहित १४ जना सांसदलाई पार्टीले गरेको कारबाहीको सूचना टाँस गर्नुपर्ने माग राखेर एमालेले निरन्तर संघीय संसद्मा अवरोध गर्दै आएको छ । सांसदलाई कारबाही गरेको सूचना नटाँस्ने भए सभामुखले राजीनामा दिनुपर्ने एमालेको शर्त छ ।

तर, एमालेले भनेका सांसदहरुले दिएको निवेदनका आधारमा निर्वाचन आयोगले नेकपा एकीकृत समाजवादी दल दर्ता गरिदिएको ८ महिना भैसक्यो । नयाँ दलले स्थानीय तहको चुनावमा भाग लिइसकेको छ । दल गठनपूर्वको विषयलाई लिएर संघीय ससदलाई चल्न दिइएको छैन् । एमालेले अघिल्लो बर्षको बजेटको प्रतिस्थापन विधेयक पास गर्ने बेलामा पनि असहयोग गरेको थियो ।

तर, ०७८ मा तत्कालीन केपी ओली नेतृत्वको सरकारले समयमै संसद्को बजेट अधिवेशन बोलाएन । ७ जेठ मध्य राति प्रतिनिधिसभा विघटन गरी १५ जेठमा अध्यादेशमार्फत बजेट ल्यायो । न प्रि-बजेट छलफल, न बजेटका सिद्धान्त र प्राथमिकता केही पनि आएन । सर्वोच्च अदालतले प्रतिनिधिससभा विघटनलाई बदर गरेपछि ओली नेतृत्वको सरकार ढल्यो । नयाँ सरकारले ओली नेतृत्वको सरकारले ल्याएको बजेटको प्रतिस्थापन बजेट ल्यायो । प्रतिस्थापन बजेट पास गर्ने बेलामा एमालेले असहयोग गरेका कारण मुलुक जेट होलिडेमा समेत पुगेको थियो । तर, सचेतक चौधरी सरकारलाई असहयोग गर्ने आफुहरुको नीति नरहेको बताउँछिन् । ‘प्रमुख विपक्षीले उठाएको विषयलाई सरकारले सम्बोधन गर्नुपर्छ कि पर्दैन ? पर्छ भने सरकार र सभामुख जिम्मेवार हुनुपऱ्यो हामी संसदको अवरोध खोल्न तयार छौं ।’

सरकार जिम्मेवार हुने भनेको कि माधव नेपाल सहितका १४ जना सांसदलाई कारबाही गरेको सूचना सभामुखले टाँस गर्नुपर्ने कि सभामुखले राजीनामा दिनुपर्ने चौधरीको भनाई छ । अझै पनि सांसदलाई कारबाही गरेको सूचना टाास गर्न मिल्ने उनको तर्क छ । ‘अन्यथा संसद खुल्दैन’ सचेतक चौधरी दोहोऱ्याउँछिन् ।

## एमालेले...

पूर्ववत अडान कायमै राखेको छ । एमालेकी सचेतक शान्ता चौधरीले अवरोध कायमै रहने बताएकी हुन् ।

एमालेले २३ भदौ २०७८ देखि जारी संसदमा अवरोध जाीी राखेको छ । ‘हामीले उठाएका विषय सम्बोधन भएका छैनन् । सरकार र सभामुख जिम्मेवार नहुँदासम्म प्रतिनिधिसभाको अवरोध खुल्दैन’ सचेतक चौधरीले भनिन् ।

माधव नेपाल सहित १४ जना सांसदलाई पार्टीले गरेको कारबाहीको सूचना टाँस गर्नुपर्ने माग राखेर एमालेले निरन्तर संघीय संसद्मा अवरोध गर्दै आएको छ । सांसदलाई कारबाही गरेको सूचना नटाँस्ने भए सभामुखले राजीनामा दिनुपर्ने एमालेको शर्त छ ।

तर, एमालेले भनेका सांसदहरुले दिएको निवेदनका आधारमा निर्वाचन आयोगले नेकपा एकीकृत समाजवादी दल दर्ता गरिदिएको ८ महिना भैसक्यो । नयाँ दलले स्थानीय तहको चुनावमा भाग लिइसकेको छ । दल गठनपूर्वको विषयलाई लिएर संघीय ससदलाई चल्न दिइएको छैन् । एमालेले अघिल्लो बर्षको बजेटको प्रतिस्थापन विधेयक पास गर्ने बेलामा पनि असहयोग गरेको थियो ।

तर, ०७८ मा तत्कालीन केपी ओली नेतृत्वको सरकारले समयमै संसद्को बजेट अधिवेशन बोलाएन । ७ जेठ मध्य राति प्रतिनिधिसभा विघटन गरी १५ जेठमा अध्यादेशमार्फत बजेट ल्यायो । न प्रि-बजेट छलफल, न बजेटका सिद्धान्त र प्राथमिकता केही पनि आएन । सर्वोच्च अदालतले प्रतिनिधिससभा विघटनलाई बदर गरेपछि ओली नेतृत्वको सरकार ढल्यो । नयाँ सरकारले ओली नेतृत्वको सरकारले ल्याएको बजेटको प्रतिस्थापन बजेट ल्यायो । प्रतिस्थापन बजेट पास गर्ने बेलामा एमालेले असहयोग गरेका कारण मुलुक जेट होलिडेमा समेत पुगेको थियो । तर, सचेतक चौधरी सरकारलाई असहयोग गर्ने आफुहरुको नीति नरहेको बताउँछिन् । ‘प्रमुख विपक्षीले उठाएको विषयलाई सरकारले सम्बोधन गर्नुपर्छ कि पर्दैन ? पर्छ भने सरकार र सभामुख जिम्मेवार हुनुपऱ्यो हामी संसदको अवरोध खोल्न तयार छौं ।’

सरकार जिम्मेवार हुने भनेको कि माधव नेपाल सहितका १४ जना सांसदलाई कारबाही गरेको सूचना सभामुखले टाँस गर्नुपर्ने कि सभामुखले राजीनामा दिनुपर्ने चौधरीको भनाई छ । अझै पनि सांसदलाई कारबाही गरेको सूचना टाास गर्न मिल्ने उनको तर्क छ । ‘अन्यथा संसद खुल्दैन’ सचेतक चौधरी दोहोऱ्याउँछिन् ।

## चुनावी...

गर्ने घोषणा गरेको थियो । त्यस्तै एमालेले घोषणापत्रमा वैदेशिक रोजगारमा जानेका लागि एक स्थानीय तहमा एक तालिम केन्द्र स्थापनासँगै विदेशबाट फर्केका व्यक्तिहरूको ज्ञान, सीप र पुँजीको सदुपयोग गर्नेसम्बन्धी कार्यक्रम सञ्चालन गर्नेदेखि समृद्धिका लागि सहकारी स्थानीय पुँजीको संकलन, उद्यमशीलताको विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण गर्न सहकारीलाई विकास गर्ने भन्दै एमालेले युवाहरूलाई स्वदेशमै रोजगारी, सम्मान र समृद्धि गर्न सार्वजनिक, निजी र सहकारी माध्यमद्वारा औद्योगीकरण गर्दै उत्पादन वृद्धि गरी रोजगारी सिर्जना, गरिबी निवारण र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने पनि उल्लेख छ । स्थानीय तहमा स्थापना गरिएका रोजगार सूचना केन्द्रलाई थप प्रभावकारी बनाउँदै बेरोजगारको तथ्यांक संकलन गरी उनीहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गर्ने पनि उल्लेख छ । तर चुनावी सभाहरूमा नेताहरूले ग्रामीण तहका मतदाताको प्रमुख चासो वैदेशिक रोजगार क्षेत्रका यी विषयलाई प्राथमिकता दिएको देखिएको छैन ।

नेपाली कांग्रेसले श्रमको लागि वैदेशिक रोजगारीमा जानपर्ने अवस्थाको क्रमशः अन्त्य गर्ने स्थानीय तह निर्वाचन-२०७९ को घोषणापत्रमा उल्लेख गरेको छ ।

नेपाली कांग्रेसले घोषणापत्रमा वैदेशिक रोजगारीमा जानेहरूका लागि जानपूर्व सीप र दक्षता अभिवृद्धिका लागि रुची, क्षेत्र र आवश्यकता अनुसर सीपमूलक तालिम उपलब्ध गराइने, वैदेशिक रोजगारमा संलग्न वा फर्केका युवाहरुको सीप, दक्षता, पुँजी र विप्रेषण आयलाई उत्पादनमूलक प्रयोजनमा लगानी गर्दै भविष्यमा निवृत्तिभरण सरहको लाभांश पाउने गरी जलविद्युत, पूर्वाधार बैंक, आवास जस्ता आयोजनाहरु स्थानीय तहमै कार्यान्वयन गरिने उल्लेख गरेको छ । तर देशभर भइरहेका चुनावी सभामा यी विषयले स्थान पाउन नसकेको धेरैको भनाइ छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

**सडक डिभिजन सुर्खेत**

सुब्बाकुना

**बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना**

(प्रकाशित मितिः२०७९/०१/२६

यस सडक डिभिजनको सुचना नं. ८।०७८।०७९ मिति २०७८/१२/०२ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको धभदकष्तभ मा प्रकाशित बोलपत्रको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस बाहेक) |
|---|---|---|---|
| १ | TNN8/ RDSKT/33701122-4/078/79-80 | M/S Y.S.S Nirman Sewa Pvt.Ltd., Surkhet | 6,93,11,714.99 |
| २ | TNN8/ RDSKT/33701132-4/078/79-81 | M/S TDR Construction Pvt.Ltd.,Dhangadi,Kailali | 6,36,86,121.86 |

डिभिजन प्रमुख

मध्यान्ह
www.madhyanhadaily.com



### स्थानीय तह निर्वाचन

# मतसंकेत गर्न नसक्ने मतदाताको सहयोगीबारे स्पष्ट

**काठमाडौं/मस-** निर्वाचन आयोगले स्थानीय तह निर्वाचनमा मतसंकेत गर्न नसक्ने मतदाताको सहयोगीबारे स्पष्ट पारेको छ।

आयोगले यही वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचनको सन्दर्भमा दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरु कुनै कारणले आफैँ मत संकेत गर्न नसक्ने भई मतदाताले आफ्नो साथमा आएको एकाघरको परिवारको सदस्यलाई मत संकेत गर्ने गोप्य स्थानमा आफूसँगै लैजाने अनुमति मागेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत संकेत गर्ने गोप्यस्थनमा प्रवेश गर्न अनुमति दिनुपर्ने प्रावधानबारे थप स्पष्ट पारेको हो ।

दृष्टिविहीन वा शारीरिक अशक्त भएको मतदाताको साथमा परिवारको सदस्यलाईसँगै जान अनुमति दिँदा एक्लै मतदान कक्षमा गई आफैँ मतदान गर्न असमर्थ व्यक्ति हो होइन एकीन गरी अनुमति दिनुपर्ने, दृष्टिविहीन मतदाता वा मतपत्रमा मत संकेत गर्न नसक्ने मतदाताको साथमा जाने व्यक्तिले मतदान अधिकृतको रोहवरमा सम्बन्धित मतदाताले भने बमोजिमको निर्वाचन चिह्नमा मत संकेत गर्नुपर्ने व्यवस्था रहेको छ।



कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरु कुनै कारणवश आफैँ मत संकेत गर्न नसक्ने भई मत संकेत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा मतदान अधिकृतले त्यस्तो मतदाताको मतपत्रमा निजको इच्छाअनुसार मत संकेत गर्ने काममा सहयोग गर्नुपर्ने व्यवस्था स्थानीय तह निर्वाचन निर्देशिकामा रहेको छ । सो व्यवस्थाअनुसार कुनै मतदाताको कुनै एकाघरको परिवारको सदस्य उसको वारिस नभई सहयोगी मात्र भएको आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले आइतबार जारी गरेको विज्ञप्तिमा स्पष्ट गरिएको छ।

**वयस्क उम्मेवारको संख्या बढी**

स्थानीय तह निर्वाचनमा विभिन्न पदमा उम्मेदवारी दिनेमा वयस्कको संख्या उल्लेख्य देखिएको छ। निर्वाचन आयोगका अनुसार ३५ देखि ५० वर्ष समूहका उम्मेवारको संख्या ७६ हजार १६२ छ। सो उमेर समूहका ३९ हजार ६६९ पुरुष र २७ हजार ४९३ महिला उम्मेदवार छन्। एक्काइसदेखि ३५ वर्ष उमेर समूहका १८ हजार ७८० पुरुष र १६ हजार ४७८ महिला गरी कुल ३५ हजार २५८ उम्मेदवार छन्। यसैगरी ५१ देखि ६५ वर्ष उमेर समूहका उम्मेद्वारको संख्या ३७ हजार ५४ छ। सो उमेर समूहमा २६ हजार ५१५ पुरुष र १० हजार ५३९ महिला छन्।

यस्तै ६५ वर्ष माथिका चार हजार ३५० पुरुष र एक हजार १७७ महिला गरी पाँच हजार ५२७ उम्मेदवार रहेका छन्। यही वैशाख ३० गते ७५३ स्थानीय तहका कूल ३५ हजार २२१ पदका लागि निर्वाचन हुँदैछ। निर्वाचनमा कूल १४५ हजार १० जना उम्मेद्वार छन्।

नगरपालिका प्रमुखमा तीन हजार २३८, उपप्रमुखमा एक हजार ९६४, गाउँपालिका अध्यक्षमा तीन हजार ९२ र उपाध्यक्षमा दुई हजार १६३ जनाको उम्मेद्वारी कायम भएको छ। यस्तै वडाध्यक्षमा ३२ हजार ४९६, सदस्यमा ५३ हजार १७३, महिला सदस्यमा २५ हजार ५९९ र दलित महिला सदस्यमा २३ हजार २८५ जनाको उम्मेद्वारी परेको छ।

# सीमा नाका तीन दिन बन्द

**बैतडी/मस-** यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै नेपाल-भारत सीमा नाका तीन दिनका लागि बन्द हुनेभएको छ।

जिल्ला प्रशासन कार्यालय बैतडीका सूचना अधिकारी खगेन्द्र भारतीका अनुसार भारतसँग सीमा जोडिएको झुलाघाट नाका सोमबारदेखि बन्द हुने भएको हो। निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै वैशाख २७ गते रात्रि १२ बजेदेखि वैशाख ३० गते रात्रि १२ बजेसम्म सीमा बन्द हुनेभएको हो।

सो अवधिमा सीमा नाकामा पूर्ण रुपमा आवतजावत बन्द गरिने उनले बताए। भारतीय अधिकारीहरूसँग समन्वय गरेर नाका बन्द गर्न लागिएको हो। कुनै देशमा चुनाव हुँदा अन्तरराष्ट्रिय नियमअनुसार नै सीमा बन्द गरिन्छ। यसैबीच निर्वाचनलाई नै मध्यनजर गरेर सीमा क्षेत्रको सुरक्षा व्यवस्था कडा गरिएको छ।

बैतडीका १० स्थानीय तहमा १० पालिका प्रमुख, १० उपप्रमुख, ८४ वडाध्यक्ष, र ३३६ वडा सदस्य गरी कूल ४४० पदका लागि निर्वाचन हुँदैछ।

**सीमा क्षेत्रमा उच्च सुरक्षा सतर्कता**

निर्वाचनलाई लक्षित गरी बारा र पर्साका नेपाल भारत सिमा क्षेत्रमा सशस्त्र प्रहरीको टोलीले उच्च सुरक्षा सतकर्ता अपनाएको छ। निर्वाचनका बेला सीमा क्षेत्रमा हुनसक्ने आपाराधिक क्रियाकलाप नियन्त्रण गर्ने उद्देश्यले दुवै जिल्लाका सीमा क्षेत्रमा उच्च सुरक्षा सतर्कता अपनाइएको हो।

सशस्त्र प्रहरी बल, नेपाल नं १३ गणका अनुसार मातहातका सबै सुरक्षा शाखालाई परिचालन गरी सीमा क्षेत्रमा निगरानी गर्दै आएको गणका प्रमुख एवं सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले जानकारी दिए।

यता बारा जिल्लामा पनि सशस्त्र प्रहरीले चुनावका बेलामा सीमा क्षेत्रमा निगरानी थालेको छ। सीमा क्षेत्रमा हुनसक्ने सबै प्रकारका आपाराधिक क्रियाकलाप नियन्त्रण गर्ने उद्देश्यले उच्च सुरक्षा सतकर्ता अपनाइएको जिल्लास्थित सशस्त्र प्रहरी बल १२ नं गणका प्रहरी उपरीक्षक राजेन्द्र थापाले जानकारी दिए। पर्सा तथा बारास्थित जिल्ला सशस्त्र प्रहरी गण मातहात सुरक्षा बेस, सीमा सुरक्षा पोष्ट (बिओपी) र सीमा निगरानी पोष्ट (एफओवी) निर्वाचनका बेलामा शान्ति सुरक्षामा क्रियाशिल रहेका छन्।

**सुरक्षाकर्मीद्वारा प्रचार सामग्री हटाइदै**

पर्सा जिल्लाका विभिन्न स्थानमा स्थानीय तह निर्वाचनअन्तर्गत उम्मेद्वारको प्रचारप्रसारका लागि सार्वजनिक स्थलमा टाँगिएका पोष्टर पम्प्लेट, ब्यानर तथा पार्टीका झण्डा हटाउन थालिएको छ। बिजुलीको पोल, विद्यालय, चोक चौराहालगायत सार्वजनिकस्थलमा निर्वाचन आचारसंहिता विपरीत राखिएका निर्वाचन सामग्री सुरक्षा निकायको टोलीले हटाउन थालेको हो।




जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा उम्मेदवारले पनि पार्टी कार्यालयबाहेक सार्वजनिकस्थलमा राखिएको निर्वाचन प्रचारसामग्री हटाउने प्रतिबद्धता व्यक्त गरेपनि ती सामग्री उम्मेद्वार र दल स्वयंले नहटाएका कारण सुरक्षाकर्मीले हटाउन सुरू गरेका हुन्। क्रियाशील प्रमुख राजनीतिक दलका उम्मेद्वारले सार्वजनिकस्थलमा राखेका पार्टीको झण्डा, ब्यानर, तुललगायतका प्रचार सामग्री हटाउने यस अगाबै प्रतिबद्धता जनाइसकेका थिए। तीन लाख ३९ हजार ८३६ मतदातामध्ये पुरुष एक लाख ९१ हजार ५३७ र महिला एक लाख ४८ हजार २८३ र अन्य १६ मतदाता रहेका छन्। पर्सा जिल्लामा १६७ वटा मतदानस्थल र ४०४ वटा मतदान केन्द्र निर्धारण गरिएको छ।

# आचारसंहिताको धज्जी उडाउँदै बाँकेका राजनीतिक दल

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, २५ वैशाख

बाँकेका राजनीतिक दलहरु स्थानीय तहको निर्वाचन आचारसंहिताको धज्जी उडाउँदै आएका छन्। निर्वाचन आउन अब पाँच दिन मात्र बाँकी रहँदा यहाँका राजनीतिक दलले आचार संहिता उल्लंघन गरेका छन्।

राजनीतिक दलहरु आफ्नो शक्ति प्रदर्शन र आफ्नो जित निकाल्न दौडिरहेका छन्। पछिल्लो समय कोहलपुरमा चुनावी प्रचार-प्रसारमा बालबालिकाको समेत प्रयोग गरेको पाइएको छ।

निर्वाचन आचारसंहिता बाँकेको कोहलपुरमा कांग्रेस, जनता समाजवादी पार्टीलगायत दलले माइकिङका साथै मोटरसाइकल ऱ्याली प्रदर्शन गरेका छन्। निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन निष्पक्ष, पारदर्शी, भयमुक्त, स्वतन्त्र र स्वच्छ रुपमा सम्पन्न गराउन निर्वाचन आचारसंहिता लागु गरे पनि उम्मेद्वारहरुले त्यसलाई वेवास्ता गर्दै मोटरसाइकल ऱ्याली प्रदर्शन गरेका छन्। पार्टीको झण्डाका साथै चुनाव चिन्ह अंकित तुल, ब्यानर मोटरसाईकल प्रदर्शन गर्दै गरिरहेका छन्। तर राजनीतिक दल, उम्मेद्वार तथा दलको भ्रातृ संगठनले पालना गर्नुपर्ने आचरणसम्बन्धी निर्वाचन आचारसंहिताको बुँदा नम्बर १२ मा यसरी प्रदर्शन गरिने जुलुसमा पार्टीको झण्डा र निर्वाचन चिन्ह प्रयोग गर्न बन्देज लगाइएको छ।

निर्वाचन आचारसंहिताको बुँदा १२ को (घ) मा जुलुस वा आमसभामा भाग लिने वा प्रचार-प्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिन्ह, झण्डा, अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने उल्लेख छ। तर उम्मेद्वारहरुले गाउँ, टोलमा पार्टीको झण्डा, निर्वाचन चिन्ह र माइकिङ गर्दै दैनिक जुलुस प्रदर्शन गर्दै घरदैलो गरिरहेका छन्।



आचारसंहितामा यस्ता ऱ्यालीहरु समेत प्रदर्शन गर्नमा बन्देज लगाइएको छ। बाँकेका उम्मेद्वार हरुले यसरी नै मोटरसाईकल, अटो रिक्सा र गाडीको ऱ्याली प्रदर्शन गरिरहेका छन्। दिनहुँ जसो अहिले राजनीतिक दलहरु घरदैलो कार्यक्रम तथा चुनावी आमसभाहरुमा बालबालिकाको प्रयोग हुँदै आएको पाइएको छ। कोहलपुरको मुख्य बजार क्षेत्र तथा अन्यत्रको प्रचार अभियानमा समेत बाक्लो संख्यामा बालबालिकाहरुको प्रयोग हुँदै आएको छ। पछिल्लो समय निर्वाचन आचारसंहिता विपरित प्रचार-प्रसार गर्ने, मतदाताहरुलाई प्रभावित पार्नका लागि विभिन्न प्रलोभन पार्ने काम गर्ने गरेको घटना बढ्दै गएका छन्।

शनिबार बाँकेको कोहलपुर नगरपालिका वडा नं. २ मा निर्वाचन आचारसंहिता विपरित ग्राभेल खसालिएको थियो। नेकपा एमालेको तर्फबाट वडा नं. २ को वडा अध्यक्ष पदका उम्मेद्वार कर्णसिंह विसीले निर्वाचन आचारसंहिता विपरित शक्तिनगरमा ग्राभेल खसालेको भन्दै स्थानीयले विरोध जनाएका थिए।

कोहलपुर नगरपालिका वडा नं. २ का निवर्तमान अध्यक्ष समेत रहेका विसीले मतदाताहरुलाई प्रभावित पार्नका लागि ग्राभेल खसालेको भन्दै ईलाका प्रहरी कार्यालय कोहलपुरले जेसिभीको चाबी र दुई ट्यांकी पानी नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। कोहलपुर निर्वाचन आयोगका प्रमुख तिर्थराज भट्टलेका अनुसार चुनाव-प्रचार प्रसारमा बालिबालिका प्रयोग गर्नु आचारसंहिताको उल्लंघन भएको बताए। उम्मेद्वारहरुलाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको बारेमा सचेत गराउने लगायतका कारबाही प्रक्रिया शुरु गरिएको बताए।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०१/२६**

यस कार्यालयमा मिति २०७६/०९/०२ मा दर्ता भएको **प्रा.लि. नं. २३०५८७** को **आई.एन.एस. ईन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## Invitation for Bids

**Government of Nepal (GoN)**
**Ministry of Agriculture and Livestok Development**
**Department of Livestock Services**
**Animal Quarantine Office, Gaddachauki, Kanchanpur**

**Invitation for Bids for the Supply and Delivery of Office Furnitures**

**Contract Identification No: AQO/GOODS/2078/79-01**
**Second Date of publication: 9th May, 2022**

1. The Animal Quarantine Office (AQO) invites *sealed* bids from eligible bidders for the procurement of **the Supply and Delivery of Office Furnitures** ***under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.***
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of *Animal Quarantine Office, Gaddachauki, Kanchanpur,* Tel:099 402133, *animalquarentinekanchanpur@gmail.com*
3. A complete *set* of Bidding Documents may be purchased from the office Animal Quarantine Office, Gaddachauki, Kanchanpur and the office Animal Quarantine Office, Gaddachauki, Kanchanpur by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000/- till 23th May, 2022 during office hours or deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank : Rastriya Banijya Bank
Name of Office : Animal Quarantine Office, Gaddachauki, Kanchanpur
Office Code no. : 312027601
Office Account no. : 100010020000010000
Rajaswa (revenue) Shirshak no. : 14229
4. Sealed bids must be submitted to the office *Animal Quarantine Office, Gaddachauki, Kanchanpur* by hand/courier on or before 12:00 noon on 24th May, 2022. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13hrs, 24th May, 2022 at the office of *Animal Quarantine Office, Gaddachauki, Kanchanpur*. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 75000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: **4180100102030000** at **Rastriya Banijya Bank Ltd**. Office Code: **312027601** and submit the receipt of the deposited amount of cash along with the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The name and identification of the contract are as follows: *Animal Quarantine Office, Gaddachauki, Kanchanpur,* Phone No: *099 402133*.

**प्रमाणपत्र हराएको सूचना**

**मिति २०७९/०१/२२ गते चाबहिल देखि बसुन्धारासम्म जाने क्रममा त्रिविको स्नातक प्रमाणपत्र सिम्बोल नं. १०६७८/५२ र रजिष्ट्रेशन नं. ६-२-४५३-८६-२००९ भएको प्रमाणपत्र हराएका हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु।**

नामः सुस्मिता धवान
ठेगानाः भरतपुर-७, चितवन
सम्पर्क नं.: ९८०१०४७३४०

**म्यानपावर बिक्रिमा**

चालु अवस्थामा रहेको म्यानपावर कम्पनी तुरून्त बिक्रिमा भएकोले लिन इच्छुक महानुभावहरूले यथासिघ्र सम्पर्क गर्नुहोला।

**सम्पर्कः ९८५१०५२२८७**

**साउदीमा रोजगार** | १. कम्पनीः **AKLAT DAILY FOOD CATERING SERVICES EST**
शहरः **SAUDI**

पूर्व स्वीकृत मितिः २०७८/०५/२० चलानी नं.: ६०१६२४६९ L.T. No.: 244863

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 2 | 0 | स. काममा दक्ष | 1900 | ६२,१८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २ गते (16 May 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :-** १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Jobs Global.Com Employment Services Pvt. Ltd.**
JOBS GLOBAL.COM Employment Services Pvt. Ltd.
Govt. Lic. No 192/057/058
P.O. Box: 23080, Panipokhari, Kathmandu, Nepal
Tel : 4002624, 4002625, Fax: +977-1-4002625
Email: jobsglobalnepal@gmail.com/Web: www.jobsglobal.com
https://www.facebook.com/JobsglobalNepal
9801100112, 9801100113, 9801100114, 9801100115 9801100121, 9801100122, 9801100999

**Malaysia मा बैदेशिक रोजगारको अवसर**

१.कम्पनीः-**Nova Security SDN BHD, Kulalampur, Malaysia** पून विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।१२।३० चलानी नं. ६०१७७९१८ LT.No. 261599

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | न्यूनतम योग्यता | मासिक तलव RM | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | काममा दक्ष | 1200 | ३३,८००।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**अन्तर्वार्ता २०७९ जेठ २ गते (16 May, 2022) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ।**

**वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :-** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गाई रकम बुझाउनु हेला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु हेला। २) आफ काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु हेला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु हेला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु हेला। सो को १ प्रति आफूसंग राख्नु हेला। ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु हेला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिका रोजगार विभाग बुद्धनगर, काठमाण्डौमा सम्पर्क राख्नु हेला।

**KHM Recruitment Service PVT. LTD.**
श्रम इजाजत नं. ११९३/०७३/७४
सिनामंगल-९, काठमाडौं, फोन नं. ४११०८७८, Email: info@khmrecruitment.com

कर्मचारी आवश्यकता
यसै मेनपावरे कम्पनीकोलागि **Documentation- 2 (Female )** आवश्यकता भएकोले **Femis online System** सम्बन्धी ज्ञान भएको महिलाहरुले तुरुन्त सम्पर्क गर्नुहोला। तलब सुविधा रु. २०,०००।-

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY





After Training 100% Job Guarantee !



**तालिमपछि रोजगारको ग्यारेन्टी**

Best in the KTM VICTORIA INTERNATIONAL

**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
२६ वैशाख २०७९, सोमबार
9 May 2022, Monday

## सम्पादकीय

# सञ्जालको जञ्जाल

नेपालको ६५ वर्षे चुनावी इतिहासमा यसपटक नौलो परिवेशमा स्थानीय चुनाव हुँदैछ । आउने ३० वैशाखमा हुने स्थानीय चुनावको प्रचार, प्रतिश्पर्धा र लगानीको स्वरूप अघिल्ला चुनावहरू भन्दा विल्कुल भिन्न बन्न पुगेको छ । नेपालमा २००४ र २०१० सालमा पनि स्थानीय चुनाव भएको थियो, तर २०१५ को चुनाव वैधानिक हो । त्यो चुनावको तयारी र प्रचारका लागि झण्डै एक वर्षको अवधि छुट्याइएको थियो । चुनावमा भाग लिने दल संख्या न्यून थियो भने मतदातालाई चुनाव बुझाउन कठिन थियो । सरकारले नै त्यसबेला गाउँगाउँ पुगेर मतदान गर्न सिकाउनु परेको थियो भने लोक गायकहरूलाई चुनाव बुझाउन खटाइएको थियो । आचार संहिता नै आवश्यक परेका थिएन । चुनावको प्रचार गर्न सजिलो नभएकाले घरघर पुगेर मतदातासँग उम्मेद्वारले आग्रह गर्न परेको थियो ।


तर बिस्तारै चुनाव र चुनावी प्रक्रियाबारे शैली परिवर्तन हुँदै गयो । भित्त लेखन, पम्लेट पोस्टर, सांस्कृतिक अभियान, आमसभा लगायतबाट चुनावी प्रचार हुन थाल्यो । भौतिक उपस्थितिमार्फत् मत माग्नुपर्ने भएकाले दलहरूबीच झडपका धेरै घटना भए । तर ०६३ सालपछि भएको राजनीतिक परिवर्तनले जीवन पद्दति नै फेरियो । हातहातमा मोबाइल पुग्यो, निजी इन्टरनेट कम्पनीहरू गाउँगाउँ पुगे । नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्क अनुसार झण्डै ९० प्रतिशत नागरिकमा टेलिफोन र इन्टरनेटको पहुँज पुगेको छ । विजुली र सडकसँगै इन्टरनेट र टेलिफोनको पहुँजले सामाजिक सञ्जाल अहिले चुनावी प्रचारको बलियो माध्यम बनेको छ ।

राजनीतिक दल र उम्मेद्वारहरूले सामाजिक सञ्जाललाई आफ्नो प्रचारको भरपर्दो माध्यम मानेका छन् । प्रमुख दलहरूले प्रचारका लागि छुट्टै व्यवस्था मात्रै गरेको छैनन्, उम्मेद्वारहरूले पनि सामाजिक सञ्जाल हेर्ने व्यक्ति तोकेका छन् । यसले ६५ वर्षपछि प्रचारको शैली, उम्म्दवार र सरकारको लगानीको स्वरूप बदलिएको प्रष्ट हुन्छ । तर सँगै सामाजिक सञ्जालकै कारण चुनावी प्रतिश्पर्धा अस्वस्थ्य र मर्यादित समेत बन्न पुगेको छ । तथ्यहीन सूचनाका आधारमा आरोप लगाउने प्रवृत्ति मौलाएको छ । यसको अर्थ यसअघिका चुनाव निष्पक्ष हुन्थ्यो, अहिले मात्रै समस्या आएको भन्ने होइन । तर नयाँ प्रयोग भएकाले नयाँ समस्या आएको भने पक्कै हो । यसतर्फ नीति निर्मार्ता, सामाजिक सरोकारवाला र राजनीतिक नेतृत्वले बुझ्न जरूरी छ । सञ्जालको जञ्जाललाई उचित उपयोग गरे यो बरदान हो, तर दुरूपयोग गरेमा यो खतरनाक सावित हुनेछ ।

# कस्ता उम्मेदवारलाई जिताउने ?

*मतदान अधिकार नागरिकको अधिकार हो । नागरिक देश र जनताको हितप्रति पूर्ण प्रतिबद्ध हुनुपर्दछ । त्यसैले नागरिकहरूले मतदानको अधिकारको प्रयोग गरेर गलत तत्वलाई पाखा पन्छाउनु पर्छ ।*

अग्रलेख



● डा. कृष्ण बेलबासे

स्थानीय तहको निर्वाचन सम्पन्न हुन अब केही दिन मात्रै बाँकी छ । यतिबेला राजनीतिक दलका नेता एवम् कार्यकर्ताहरू निर्वाचनको प्रचार प्रसारमा संलग्न रहेका छन् । उनीहरू निर्वाचन प्रचार प्रसारका लागि विभिन्न स्थानहरूमा आमसभा र घरदैलो कार्यक्रम सञ्चालन गरिरहेका छन् । निश्चय पनि निर्वाचन प्रयोजनका लागि प्रचार प्रसार गर्नु आवश्यक कुरो हो । निर्वाचन प्रचार अभियानले दल र उम्मेदवारको कार्यक्रमसँगै तिनको हैसियतलाई प्रकट गर्दछ । यससँगै मतदाताहरूलाई प्रतिष्पर्धामा रहेका उम्मेदवारहरू मध्ये को मतदान गर्न योग्य छ ? भन्ने कुरा पत्ता लगाउने अवसरसमेत प्रदान गर्दछ । बिडम्बना, विगत पाँच वर्षसम्म एकपटक मात्र पनि जनताको पीर व्यथा बुझ्न घरदैलो त छाडौं, टोलसम्म नपुगी लूटमै मात्र व्यस्त दलका कार्यकर्ता र उम्मेदवार भनाउँदा पात्रहरू बाजागाजा र नाचगानसहित जनताको घरघरमा पुग्ने गरेका छन् । यसले निर्वाचन नौटंकी त होइन ? भन्ने कुरा सोंच्न बाध्य तुल्याउँछ । तर विर्सन नहुने कुरा, प्रत्येक पाँच वर्षमा गरिने निर्वाचनमा मतदान गर्ने कुरा एउटा प्रक्रिया मात्र होइन, यो देशको राजनीतिक व्यवस्थालाई कस्तो स्वरूप दिने ? र आफ्नो भविष्यलाई कता तिर डोऱ्याउने ? भन्ने कुरालाई निर्धारण गर्ने आधार पनि हो । तर हामीकहाँ न त दलीय नेतृत्व, नत उम्मेदवार, न मतदाता कसैलाई पनि यस कुराप्रति चासो रहेको पाइँदैन । यस विषयको प्रमाणको रूपमा दलीय नेतृत्व र उम्मेदवारहरूले मतदातालाई प्रभावित गर्ने हेतुले दिने प्रलोभनसँगै छुद्र अभिव्यक्ति अनि मतदाताहरूले मतदान गर्ने क्रममा देखाउने अपरिपक्वता र उनीहरूले निर्वाचनपश्चात् छानिएका पदाधिकारीको कार्यकालभरि व्यक्त गर्ने पश्चातापलाई लिन सकिन्छ ।



उल्लेखित कुरालाई प्रमाणित गर्ने प्रशस्त र बलियो आधारहरू छन् । यसको पहिलो प्रमाण, दलहरूद्वारा जारी घोषणा र प्रतिबद्धतापत्रहरू रहेका छन् । दलहरूले ती लिखतहरूमा एकले अर्कोलाई आरोप प्रत्यारोप र गालिगलौजहरू गर्ने अनि जनतालाई झुट्टा आश्वासनहरूमा रूमल्याउने बाहेक अन्य महत्वपूर्ण कुरा समावेश गरेको पाइँदैन । यसो गरिरहँदा उनीहरूलाई घोषणापत्र/प्रतिबद्धता पढ्नेहरूले तिनमा उल्लेखित कुराहरूको आधारमा आफूहरूप्रतिको धारणा बनाउने छन् र त्यसबाट आफ्नो हैसियत निर्धारण हुनेछ भन्ने कुराको सम्म हेक्का रहेको पाइँदैन । उनीहरूमा अर्कोलाई आरोप लगाउँदा आफ्ना कमी कमजोरीहरू छोपिन पुग्दछन् र जनताहरू भ्रमको जालोमा बेरिन्छन् भन्ने सोँच रहेको प्रष्ट हुन्छ ।

दोस्रो, निर्वाचनको सिलसिलामा गर्ने आमसभा, प्रचार प्रसार कार्यक्रम र सो सिलसिलामा सञ्चार माध्यमहरू मार्फत दिने मन्तव्यमा समेत व्यक्त गर्ने गरेको पाइन्छ । उदाहरणका लागि एकजना नेताले आफ्नो दलको उम्मेदवार (त्यो पनि नातेदार)लाई "मतदान गरिएन भने देश दुर्घटनामा जान्छ" भन्ने धम्की दिएको देखिन्छ भने अर्की एकजना नेतृले "आफ्नो दलको उम्मेदवारले नजितेको ठाउँमा सरकारले बजेट नपठाउने" भन्ने धम्कीसँगै यदि आफ्नो उम्मेदवारलाई जिताएमा त्यस्तो स्थानीय निकायको प्रत्येक वडाबाट ५/६ जनालाई वैदेशिक रोजगारमा पठाइदिने प्रलोभन दिएको पाइन्छ । त्यसैगरी देशको प्र.म. ले काठमाडौं र भरतपुर महानगरपालिकाको निर्वाचन जित्नैपर्ने सत्तापक्षको स्वार्थ रहेको भन्ने अभिव्यक्ति दिएको पाइन्छ । यी अभिव्यक्तिहरूले सत्ता हातमा लिनेहरूको ध्येय आफ्ना नातेदार र विश्वस्तहरूलाई निर्वाचनमा जिताउनै पर्ने, सो बाहेक देश विकास र नागरिक हितसँग चासो नै नरहेको, देशको बजेट तिनका नीजि स्वार्थपूर्तिको लागि मात्र खर्च गरिने, तिनीहरूलाई देशभित्र रोजगारी सिर्जना गर्ने कुरोसँग कुनै चासो नरहेको र केही निकायको निर्वाचन जित्न सरकार जुनसुकै हत्कण्डा अपनाउन तयार रहेको भन्नेसम्म रहेछ भन्ने कुरालाई राम्ररी प्रष्टयाउँछन् ।

तेस्रो, नेपालको संविधानको धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित गरेको छ । निर्वाचनमार्फत मतदाताहरूले आफ्ना प्रतिनिधिहरूलाई सो अधिकार प्रयोग गर्ने जिम्मेवारी हस्तान्तरण गर्दछन् । तर देशमा एकातिर कतिपय मतदाताले मतदानको अधिकार प्रयोग गर्नसम्म पाएका छैनन् भन्ने देखिन्छ । यस कुराको प्रमाण बाजुरा जिल्लाको दुर्गम भेगको एउटा समुदायका सदस्यहरूले दलीय वर्षौंदेखि आफूहरूलाई मतदान गर्न नदिई आफ्नो नाउँमा उनीहरूले नै मतदान गर्ने गरेका छन् भनी दिएको अभिव्यक्तिलाई लिन सकिन्छ । यससँगै शासकीय अधिकारलाई व्यापक दुरूपयोग गर्नेहरूको समूहका कसैले आफ्नो उम्मेदवारलाई मतदान नगर्नेको क्षेत्रमा बजेट पठाउँदैनौं, त कसैले आफ्नो उम्मेदवार/नातेदारलाई मतदान नगरे देश दुर्घटनामा जान्छ (देशमा संकट सिर्जना गर्दछौं) भनी तर्साउने गरेको कुरालाई मान्नुपर्ने हुन्छ । यसरी जनतालाई खुलारूपमा तर्साउनेहरूले आफुलाई प्रतिगमन विरोधी र विकासवादी एवम् परिवर्तनकारी भनी दाबी गर्ने कुरोलाई के भन्ने ? के यी कुपात्रहरू पञ्चायत र राणाकालीन शासकहरू भन्दा बढी निरंकुश, उद्दण्ड र गैरजिम्मेवार रहेको देखा पर्दैन र ? यदि अब पनि जनताले आफ्नो मत प्रयोगको माध्यमबाट यी कुतत्वहरूलाई पराजित गर्ने तर्फ नसोच्ने हो भने उनीहरूले यिनीहरूद्वारा गरिने विभेद र लुटेरा व्यवहारलाई सहन गरी बस्नुपर्ने कुरा सुनिश्चित छ । त्यसैले जनता राजनीतिक लुटेराहरूले दिने भ्रम, प्रलोभन र धम्कीबाट मुक्त भई आफ्नो मतको महत्वलाई बुझेर कदम चाल्नुपर्ने कुरोमा सजग हुनु जरूरी छ ।

> *निश्चय पनि, देशमा कायम विकृत अवस्था सिर्जना गर्ने कारण, पात्र एवम् तिनका कर्तुतहरू अब लुकेका छैनन् । पात्रहरूले खुलेरै आफ्ना कर्तुतहरू सार्वजनिक गरिरहेका छन् । खाँचो मात्र जनसजगताको हो । त्यसैले अब जनताले नाङ्गो भइसकेका गलत तत्वलाई निर्वाचन प्रयोजनका लागि मात्र नभएर सधैँका लागि अस्वीकार गर्नुपर्दछ ।*

चौथो, स्थानीय तहको निर्वाचनमा उम्मेदवार बनेर लुट मच्चाउने चाहनाको पूर्तिका लागि राजनीतिक पार्टीका कयौं सदस्यहरूले दल त्याग गरेको पाइन्छ भने दलहरूले आफ्ना प्रतिबद्ध र त्यागी सदस्यहरूको सट्टा त्यस्ता दलबदलु पात्रहरूलाई उम्मेदवार बनाएको देखिन्छ । यसले एकातर्फ राजनीतिक निष्ठा होइन, अवसरवाद उम्मेदवारीको लागि योग्यता हुने गरेको देखाउछ भने अर्कातिर अवसरवादीहरूलाई टिकट दिने कार्य आर्थिक लेनदेनबाट हुने गरेको छ भन्ने पनि देखिन्छ । थप रूपमा, निष्ठा त्यागेका अवसरवादीहरूलाई आफ्नो मतदिँदा मतदाताले समेत सोंच्नु पर्ने देखिन्छ । यसै प्रसंगमा अनौठो कुरा, साम्राज्यवादीहरूको योजनामा तयार भएको गठबन्धनमा सामेल दलहरूले विभिन्न स्थानीय निकायहरूमा पदीय भागवण्डा गर्दा एउटा दलको सदस्य/समर्थकले अर्को दलको उम्मेदवारलाई मतदान गर्नुपर्ने भएकोले सो कुरालाई बिरोध गरी कयौं व्यक्तिहरूले बिद्रोही उम्मेदवारको रूपमा आफूलाई प्रस्तुत गरेको पाइन्छ । यस किसिमको अवस्थाबाट गठबन्धनको नेतृत्व बेचैन हुनपुगेको छ । त्यसैले ती मध्येका केहिले आफ्नो हैसियतलाई बिर्षिएर निम्नस्तरका अभिव्यक्तिहरू दिइरहेका छन् । यस्तो कार्यले राजनीति फोहोरी खेलमा परिणत भएको कुरालाई त प्रमाणित गर्दछ नै । यसबाट सिर्जना हुने दुर्घटनाले सबैभन्दा बढी क्षति उनीहरू आफैलाई हुने कुरा निश्चित छ ।

अवसरवाद कुनै टिकाऊ विचार नभएर क्षणिक स्वार्थ सिद्ध गर्ने माध्यम मात्र हो भन्ने कुरा बुझ्नु अवसरवादीहरूकै लागि समेत फाइदाजनक कुरा हुनेछ । अझ मतदाताहरूले त झन् यो कुरालाई राम्रोसँग बुझ्नु आवश्यक छ । किनभने मतदान अधिकार नागरिकको अधिकार हो । नागरिक देश र जनताको हितप्रति पूर्ण प्रतिबद्ध हुनुपर्दछ । नागरिकतालाई सस्तो राजनीतिक एजेण्डा बनाउनेहरूले त झन यो कुरालाई गम्भिरतापूर्वक लिने कुरै भएन । त्यसैले आफ्नो मतको प्रयोग गर्नु अघि मतदाताहरूले मतदानको अधिकारको प्रयोग गरेर गलत तत्वलाई पाखा पन्छाउनु पर्छ ।

यहिँनेर स्वाभाविक रूपमा प्रश्न उभिन्छ, आफूहरूलाई निरंकुशता विरोधी प्रजातान्त्रिक/बामपन्थी बताउने दलका यी पात्रहरू किन यो हदसम्म उत्रने गर्दछन् ? यसको लागि यिनीहरूको वर्तमानसँगै बिगतलाई समेत नियाल्नु जरूरी छ । देशमा कहिले प्रजातन्त्र पुनर्स्थापनाको लागि भनी सशस्त्र संघर्ष, कहिले वर्गशत्रु खत्तम पार्ने भनी व्यक्तिहत्या त कहिले जनवादी सत्ताको स्थापना गर्ने भनी सशस्त्र युद्ध (जनयुद्ध) गर्नेहरू मध्येका यी तत्वहरू मध्येको एउटा पक्षले दलीय व्यवस्थाको पुनर्स्थापना पछि नीजिकरण र उदारवादको नाउँमा देशका उद्योग धन्दाहरूलाई समाप्त पारी देशको अर्थतन्त्रलाई नै परनिर्भर तुल्याई दियो । अब उसका लागि राजनीति आर्थिक लाभ लिने बाहेक अन्य कुनै कुरोसँग सम्बन्धित विषय रहेन । दोस्रो पक्ष, एनजिओ/आईएनजिओको माध्यमबाट नेपाललाई इशाईकरण र नव औपनिवेशीकरण गर्ने पश्चिमाहरूको अभियानको भरपर्दो सारथि रह्यो । उसलाई पनि आर्थिक लाभ लिने बाहेक देश र जनताको हितको कुरासँग कुनै वास्ता छैन ।

तेस्रो पक्ष, जनयुद्धको नाउँमा देशका पुरातात्विक सांस्कृतिक एवम् राष्ट्रिय सम्पदाहरूलाई ध्वस्त गर्ने कार्यसँगै हजारौ नागरिकको हत्या र युवा एवम् उद्यमिहरूलाई डर, धाक-धम्की र प्रलोभनको माध्यमले गाउँबाट विस्थापित तुल्याई देशको कृषि व्यवसायलाई धराशायी तुल्याउन लागि पऱ्यो । विदेशीहरुको उक्साहटमा नेपाललाई ईशाइकरण र नव औपनिवेशीकरण गर्ने हेतुले गरिएको रहेछ भन्ने कुरा तिनका क्रियाकलापहरूले प्रष्ट्याउँदै लगेका छन् । यसक्रममा अझ प्रष्ट हुनुपर्ने कुरा, अब बाह्य सहयोगमा चल्ने अवसरवादी घटकहरूलाई समेत मिलाएर देशमा प्रतिगमनको बिरोधको नाउँमा नयाँ गठबन्धनको निर्माण भएको छ । कांग्रेश सरकारले ०४६ सालको परिवर्तन लगत्तै नीजिकरणको नाउँमा देशलाई उद्योगविहिन तुल्याएको कुकर्मसँगै एकीकृत महाकाली सन्धिदेखि बाह्रबुँदे राजनीतिक समझदारी हुँदै होलिवाइन कार्यक्रम अनि एमसीसी पारित गर्ने नग्न/छद्म खेलसम्मका कुकर्महरू र तिनको अवलम्बनपश्चात् ती दलको नेतृत्वको जीवनशैली र व्यवहारमा आएको परिवर्तन अनि देशले लिएको पतनोन्मुख गतिको गम्भीरतापूर्वक मनन् गरे मात्र सबै कुरा प्रष्ट हुन जान्छ ।

त्यसो भए के छ त उल्लेखित समस्याको समाधानको उपाय ? निश्चय पनि, देशमा कायम विकृत अवस्था सिर्जना गर्ने कारण, पात्र एवम् तिनका कर्तुतहरू अब अबोध्य छैनन् । पात्रहरूले खुलेरै आफ्ना कुकर्तुतहरू सार्वजनिक गरिरहेका छन् । खाँचो मात्र जनसजगताको छ । त्यसैले अब जनताले नाङ्गो भइसकेका गलत तत्वलाई निर्वाचन प्रयोजनका लागि मात्र नभएर सधैका लागि अस्वीकार गर्नु पर्दछ । जो समाजलाई विभाजन गरेर राजनीतिक वा अन्य फाइदा लिन चाहँदैन । जो कसैगरे पनि राष्ट्र र जनताको हितप्रति घात गर्दैन, जो उत्पादनका साधनहरूलाई ध्वंश गर्ने कुरोमा नभई उत्पादनशिल कर्ममा विश्वास गर्दछ, त्यस्तो दल/समूह र पात्रलाई मात्र मतदान गर्ने गर्नुपर्दछ । त्यसो गर्न सके मात्र देश दुर्घटनामा जानबाट जोगिनेछ । अन्यथा, निर्वाचन प्रजातन्त्रको आधारभूत मान्यता नभएर नौटंकी मात्र हुनेछ ।

## सामाजिक सञ्जाल



**- केशवराज बस्याल**

सबै राजनीतिक दलका घोषणापत्रमा भत्ता वृद्धि मात्र छ.। देशका युवालाई कसरी देशभित्र व्यापकरूपमा रोजगार दिने अथवा स्वरोजगार बनाउनुपर्ने कुरा केही छैन । सबैले नागरिकलाई चुतिया बनाइरहेका छन् ।



**- सुशिल न्यौपाने**

राधिका शाक्यसँग आरजू राणाको भन्दा निक्कै फराकिलो र दरिलो राजनैतिक इतिहास छ । तर, राधिका शाक्यका कारण राजनैतिक वृत्तमा एमाले कहिल्यै लज्जित हुन परेको देखिएको छैन । आरजू राणाका कारण कांग्रेस पटक-पटक मुख लुकाउनु पर्ने अवस्थामा पुग्ने गरेको छ ।



**- नवराज पन्त**

नेपालमा वाणिज्य बैंकको शेयर मूल्य प्रति कित्ता रू. २१२ मा झरेको छ । सबै बैंक नाफामा हुँदा पनि बिना कारण शेयर मार्केट अबमुल्यन गरिएको छ । गभर्नर, अर्थमन्त्री, प्रधानमन्त्री, सिबोन, धितोपत्र बोर्ड र जस्ता संस्थाहरू मौन बस्नुको कारण के हो ?



**- निर्मल प्रसाइँ**

लोकल चुनावमा मन्त्री र प्रधानमन्त्री कमर कसेर लागेका छन् आ-आफ्नो उमेदवार जिताउन ! कसैलाई वैरभाव र भेदभाव नगर्ने भनेर सपथ खाएको हैन र ? प्रचार-प्रसार अवधिभर राजिनामा दिएर नैतिकता देखाए हुने ।



**- कृष्ण घिमिरे**

आम पार्टीको उदय सत्ताको सनातनी प्रवृत्ति, गैरजिम्मेवारपन र भ्रष्टाचारमाथिको प्रहार थियो । विधान सभामा अधिकांश सिट कब्जा गरेको थियो । प्रष्ट संरचना, सञ्जाल, नीति र कार्ययोजना थियो । नेपालमा स्वतन्त्र/बागी उम्मेदवारमा यी गुणको अभाव छ । जिते आक्रोश प्रदर्शन होला, तर परिवर्तन प्रश्नवाचक ।

# माओवादी आन्दोलनको सचित्र

विचार



● विकास श्रेष्ठ

मोहन वैद्य 'किरण' नेपाली जड्शुत्रवादको एक दुर्लभ मोडेल हुन् । मोहन विक्रम सिंह खान्न खान्न भन्दा भन्दै संसदीय भत्ता र सत्ता खाइरहेकै छन् । तर वैद्य भने जहाँको त्यहीँ छन् तीन पुस्तादेखि ! उनी जनवादी क्रान्ति कुनै बेला हुन्छ भन्ने आशावादी छन् तर, आफ्नै पहलकदमीमा नहुने कुरामा प्रष्ट छन्, त्यसैले उनको असन्तुष्टि प्रचण्डले धोका दियो भन्नेमा केन्द्रित छ । मोहन वैद्यहरूले भने झैं प्रचण्डले धोका दिएका हुन् कि प्रचण्डले आन्दोलनको स्वरूप बदलेका हुन् ? यही बिन्दुमा अन्योल छन् ।

प्रचण्डले कहिल्यै यान्त्रिकतामा सोंचेनन् । जनयुद्धको स्वरूपमा पनि नयाँपन थियो । जनयुद्धको विकास प्रक्रिया पनि शान्ति वार्ता र युद्धसँगै भयो । युद्ध प्रकृया दिर्घकालिनरूपले देशले धान्न सक्दैन । युद्धको तिब्रता र आक्रामकताले गत्यावरोध निम्त्यायो, बदलिएको परिस्थितीलाई अनुकुलतामा बदल्न चुनौती र अवसरको प्रयोगको रूपमा शान्ति प्रक्रिया सम्भव भयो । यो असामान्य र असाधारणरूपले एकबाट अर्कोमा महा फड्को थियो । उपलब्धि र जनशक्तीको अस्तित्व रक्षा गर्ने योभन्दा उत्तम विकल्प अरू थिएन । यही कुरा मोहन वैद्यहरुले बुझ्न अस्विकार गरे ।

> *निश्चित हो कि बुर्जुवा प्रतिस्पर्धा सहज छैन र हुँदैन । सत्ता बाहिर बसेर संघर्ष गर्नु, सत्ताको केन्द्रमा रहेर विपरितसँग प्रतिस्पर्धा गर्नु हजार गुणा चुनौतीपूर्ण हुन्छ । तर, चुनौतीबाट अलग रहेर परिवर्तन सम्भव हुँदैन र हुनेवाला पनि छैन । प्रचण्ड भनेका लचकता र गतिशिलताका राजनीतिक चरित्र हुन् । यही क्षमता र चरित्र हुँदैनथ्यो भने न जनयुद्ध सम्भव थियो न त जनयुद्धको शान्ति प्रकृयामा रूपान्तरण सम्भव हुन्थ्यो ।*

निश्चित हो कि बुर्जुवा प्रतिस्पर्धा सहज छैन र हुँदैन । सत्ता बाहिर बसेर संघर्ष गर्नु, सत्ताको केन्द्रमा रहेर विपरितसँग प्रतिस्पर्धा गर्नु हजार गुणात्मक चुनौती बढी हुन्छ । तर, चुनौतीबाट अलग रहेर परिवर्तन सम्भव हुँदैन र हुनेवाला पनि छैन । प्रचण्ड भनेका लचकता र गतिशिलताका राजनीतिक चरित्र हुन् । यही क्षमता र चरित्र हुँदैनथ्यो भने न जनयुद्ध सम्भव थियो न त जनयुद्धको शान्ति प्रकृयामा रूपान्तरण सम्भव हुन्थ्यो । वैद्यको आदर्शमाथि शंका होइन, उनले सिद्धान्तलाई जड् शुत्रमा, राजनीतिलाई यान्त्रिकतामा बुझे । लेनिन र माओ पनि सिद्धान्त र राजनीतिमा गतिशिल नभएको लेनिन र माओ बन्ने थिएनन् !

अर्को महत्वपूर्ण कुरा, प्रचण्ड, किरण, बाबुरामहरू एक अर्काको विपरित तत्वबिचको एकत्वको उपज हुन् । जबसम्म उनिहरू बिच एकता संघर्ष र रूपान्तरणको शिलशिला चलीरह्यो त्यस समयसम्म उनिहरूको आ-आफ्ना स्वत्व थिए अस्तित्वमा रहे । समाजले उनिहरूको सान्दर्भिकता स्विकारे । आन्दोलनको शिखर व्यक्तित्व गुमनाम हुने अवस्था हुनु आन्तरिक कारण प्रमुख रह्यो । प्रचण्डको एकता संघर्श रूपान्तरणको प्रवृत्ति बदलियो । सत्ताका प्रमुख हिस्सेदार यथास्थितिवाद र आन्तरिकरूपको जड्शुत्रवादसँगको संघर्षले प्रचण्डको मुल चरित्रलाई निरन्तर कायम राखेका छन् । प्रचण्ड झनै प्रचण्ड भएका छन् ।

# निर्वाचनको दिन अनुमति नलिएका सवारीसाधन चलाउन नपाइने




**काठमाडौं / मस-** जिल्ला प्रशासन कार्यालय काठमाडौंले निर्वाचनको दिन अनुमति नलिएका सवारीसाधन नचलाउन आग्रह गरेको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंले आइतबार एक सूचना प्रकाशित गरी निर्वाचनको दिन बिहान ६ बजेदेखि निर्वाचन सम्पन्न नभएसम्म अत्यावश्यक र सवारी अनुमति पास लिएकाबाहेक अन्य सवारीसाधन नचलाउन आग्रह गरेको हो ।

स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा ७१ (मादक पदार्थ निषेध गर्ने) मा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि वैशाख २७ गते राति १२ बजेदेखि निर्वाचन सम्पन्न नभएसम्मका लागि मदिरा बिक्री वितरण तथा सेवन कार्य नगर्न नगराउन आग्रहसमेत गरेको छ । जिल्ला प्रशासन कार्यालयले सूचना विपरीतका कार्य तोकिएको समयमा गरे/गराइएको पाइएमा कानूनबमोजिम कारबाही गर्ने बताएको छ ।

### भक्तपुरमा मदिरा बिक्री वितरण गर्न निषेध

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्न जिल्ला प्रशासन कार्यालयले निर्वाचन अवधिभर भक्तपुरमा मदिरा बिक्री वितरण तथा सेवन नगर्न नगराउन निर्देशन जारी गरेको छ ।

जिल्ला प्रशासन कार्यालयमा आइतबार प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको नेतृत्वमा मुख्य निर्वाचन अधिकृत एवं भक्तपुरका मुख्य न्यायाधिस गोपालप्रसाद बाँस्तोला, जिल्ला निर्वाचन कार्यालय, तीनवटै सुरक्षा निकायका प्रमुख, नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरण, जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल पत्रकार महासंघलगायत सरोकारवाला निकायबीच भएको निर्वाचनसम्बन्धी छलफलमा निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्न विभिन्न निर्णय गरेको छ ।

बैठकले स्थानीय तहको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित, शान्तिपूर्ण रुपमा सम्पन्न गर्न आगामी २७ गते राति १२ बजेदेखि ३० गतेसम्म मदिरा बिक्री वितरण र सेवन गर्न निषेध गर्ने निर्णय गरेको छ । साथै मतगणना सम्पनन नभएसम्म मतगणनास्थल आसपास मदिरा बिक्री वितरण एवं सेवन निषेध गर्ने निर्णय गर्दै यो आदेशको अवज्ञा गरे तत्काल पक्राउ गरी कारबाही गरिने प्रजिअ शर्माले जानकारी दिए ।

सबैले आचारसंहिताको पूर्णपालना गर्ने गुराउने, मतगणनास्थलमा २४ सैं घण्टा विद्युत्, टेलिफोन तथा इन्टरनेटको आपूर्ति गर्न विद्युत् प्राधिकरण र टेलिकमलाई निर्देश गरेको छ । निर्वाचनका दिन जिल्लामा सबै एम्बुलेन्सलाई आवश्यक पर्ने वित्तिकै प्रयोगमा आउने गरी प्राथमिक उपचारका सामग्री, स्वास्थ्यकर्मीसहित तयारी अवस्थामा राख्न, जिल्लाका सरकारी तथा निजी अस्पताल, स्वास्थ्य संस्थालाई जनशक्तिसहित नियमित सञ्चालन गरी आकस्मिक सेवा दिनसक्ने गरी तयारी अवस्थामा राख्न, दमकल, डोजरलाई तयारी अवस्थामा राख्न निर्देशन दिएको छ ।

निर्वाचनका दिन खानेपानी, एम्बुलेन्स, दमकल, शव वाहन, अस्पताल, विद्युत् सेवा, रेडक्रसका गाडी र सवारी पास बाहेकका साधनलाई सञ्चालन गर्न नदिने, कुनै पनि पास भएका सवारीसाधनले मतदाता बोकेको पाइए नियन्त्रणमा लिएर तत्कालै पास खारेज गर्ने निर्णय गरेको प्रजिअ शर्माले जानकारी दिए । नेपाल रेडक्रस सोसाइटी भक्तपुरका सभापति मनोजकुमार थापाले निर्वाचनका दिन चारवटै नगरपालिकाका लागि चार एम्बुलेन्समा प्राथमिक उपचारको सामग्रीसहित राखिने बताए । मतदानस्थलमा स्थानीय पालिकाले प्राथमिक उपचारका सामग्री पठाउन सिफारिस गर्ने निर्णय गरेको छ ।

# प्रहरी नायब निरीक्षक महतोविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं / मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रहरी नायब निरीक्षक रुपनारायण महतोविरुद्ध घुस लिएको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार गण्डकी प्रदेश प्रहरी कार्यालय, विपद् व्यवस्थापन गुल्म बागलुङमा कार्यरत महतोविरुद्ध ३८ हजार रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा आइतबार विशेष अदालतमा मुद्दा दायर गरिएको हो ।

महतोले आफ्नो कार्यक्षेत्र र जिम्मेवारी तथा कार्यरत कार्यालयको कार्य प्रकृतिभन्दा बाहिर गई पदीय हैसियतको दुरुपयोग गरी लेनदेनको मुद्दा मिलाइदिने भन्दै सेवाग्राहीसँग घुस लिएको अख्तियारले जनाएको छ । उनलाई अख्तियारको टोलीले घुस रकम लिँदा लिदै पक्राउ गरेको थियो । पक्राउ परेका महतोविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को (ख) बमोजिम सजायको मागदाबी गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरिएको आयोगका प्रवक्ता भण्डारीले जानकारी दिए ।

# कर्जन्हा नगरको मेयरसहित सबै वडामा जित्ने स्वतन्त्र उम्मेदवारको दाबी




**राजेन्द्र महतो / मध्यान्ह**
सिरहा, २५ वैशाख

कर्जन्हा नगरपालिकाको मेयरका लागि स्वतन्त्र उम्मेदवारी दिएकी कल्याणी ढुङ्गानाले आफ्नो जित सुनिश्चित रहेको बताएकी छिन् । साथै उनले ११ वटै वडामा सदस्यसहितका पदमा पनि जित हाँसिल गर्ने दाबी गरिन् ।

पूर्वशिक्षक ढुङ्गाना शुरुमा नेकपा एमालेबाट उम्मेदवार बन्ने चर्चा थियो । तर, एमालेले टिकट नदिए पछि उनको प्यानलले वडासम्मै स्वतन्त्र उम्मेदवारी दिएको हो ।

स्थानीयकै जोडबलमा आफूले उम्मेदवारी दिएकाले जित सुनिश्चित रहेको उनको दाबी छ । अहिले घरदैलो अभियानमा रहेकी उनले महिला हिंसा, भ्रष्टाचार उन्मुलन, महिलाहरुलाई सक्षम बनाउनका लागि भूमिका खेल्ने प्रतिबद्धता जनाएकी छिन् ।

साथै उनले रोजगारी, शिक्षा, स्वास्थ्य, कृषिमा पनि परिवर्तनको खाँचो रहेको बताइन् । 'जनताको राय अनुसार र जनताकै जोडबलमा उम्मेद्वारी दिएकी हुँ, त्यसैले जित सुनिश्चित छ' उनले भनिन् ।


## शुन्य (0) लागतमा मलेसियामा रोजगारको अवसर

१. कम्पनी: SUN-TENT SDN. BHD. शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७८/१२/२३ चलानी नं.: ६०१७७३४९ LT. No.: 261213 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Freight worker | 9 | 0 | स. काममा दक्ष | 1200 | ३३,७०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २ गते (16 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले तिर्ने | रु. १,५००/- रोजगार दाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३८९/०५९/०६०
हार्भेष्टमुन बिल्डिङ 5th Floor, टुकुचे चोक-२, गैरीधारा, काठमाडौं,
फोन: ४४१५५६२, ४००४६५०, ४००४५५०, मो: ९८०११०१८१५

## मलेशियामा रोजगार

कम्पनी: CAREMAN SECURITY (M) SDN.BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०१/२५ चलानी नं.: ६०१७९०२५ LT. No.: 262758

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेष्ठ २ गते (16 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 01-4112559
E-mail : aayushoverseas123@gmail.com, Web.: www.aayushoverseas.com

## मलेशियामा रोजगार

१. कम्पनी : KUEK BROTHERS FURNITURE SDN.BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०१/२५ चलानी नं.: ६०१७९०१० LT. No.: 262760

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 36 | 0 | स. काममा दक्ष | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : BERSATU WIRE MESH INDUSTRIES SDN BHD शहर: Johor
पूर्व स्वीकृत मिति: २०७९/०१/२५ चलानी नं.: ६०१७९०११ LT. No.: 262761

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २ गते (16 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

## ZERO COST RECRUITMENT FOR MALAYSIA!!
## मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

रोजगारदाता कम्पनी : (Employer Company) : RAMATEX TEXTILES INDUSTRIAL SDN BHD, JOHOR

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मिति: २०७९/०१/२५ | चलानी नं.: ६०१७९०१७ | एल टी नं.: २६२७२१ |
| Pre Approval Date: 2022/05/08 | Invoice No.: 60179017 | L.T. No.: 262721 |

| सि. नं S. N. | Position For Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 १०० | 0 0 | Experience and Knowledge in Textiles टेक्सटाईल सम्बन्धि अनुभव भएको | 1500 १५०० | 42,135 ४२,१३५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hour ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

रोजगारदाता कम्पनी : (Employer Company) : SONG LIN GARMENT SDN BHD, Takzim

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मिति: २०७९/०१/२५ | चलानी नं.: ६०१७९०१८ | एल टी नं.: २६२७२२ |
| Pre Approval Date: 2022/05/08 | Invoice No.: 60179018 | L.T. No.: 262722 |

| सि. नं S. N. | Position For Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 १०० | 0 0 | Experience and Knowledge in Sewing सिलाई जान्ने | 1500 १५०० | 42,135 ४२,१३५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hour ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses born by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहार्ने र कति लाग्ने | Abroad Medical Cost born by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहार्ने | Domestic Foreign terminal Life insurance born by whom and how much does it cost स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहार्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Free will be borne by भिषा शुल्क कस्ले व्यहार्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहार्ने | Orientation Cost will be borne by and how much अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहार्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले व्यहार्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employee: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- कामदारले व्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।-, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।-, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।- | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।- रोजगार दाताले व्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।- कामदारले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने |

RAMATEX TEXTILES INDUSTRIAL SDN BHD & SONG LIN GARMENT SDN BHD doesn't impose any recruitment/placement fee for this employment.
रामाटेक्स टेक्सटाएईल्स इन्डस्ष्ट्रियल एसडिएन बिएचडी र सङ लिन गारमेन्टए सडिएन बिएचडी ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

Note (नोट):
* आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
* Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
* प्रि-अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
* Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre Interview will be conducted on 16 May 2022 in office Premises, Kathamndu.**
**पि-अन्तर्वार्ता मिति २०७९ जेठ २ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**
**Final Interview will be conducted on 17 May 2022 in Kathmandu**
**फाइनल अन्तर्वार्ता मिति २०७९ जेठ ३ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

**Final Interview will be Conducted on 24 May 2022 in Itahari.**
**फाइनल अन्तर्वार्ता मिति २०७९ जेठ १० गते इटहरीमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल grievancereporting@aakarshannepal.org, वा मोबाइल नं. +९७७ ९८४७७५७०८९ मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासोहरुलाई सम्बोधन गर्नेछौं ।

Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at grievancereporting@aakrashannepal.org, or directly calling us at to +977 9847757089, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: publicrelation@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 01-4474178

## मलेसियामा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: CDG PRODUCTS SDN BHD शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३३२ LT. No.: 231311 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 17 | 0 | स. काममा दक्ष | 1100 | ३०,८९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २ गते (16 May 2022) मा हुनेछ ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्स: ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

## INTERSCAFF SAFETY
### International Vocational Training School

* IRATA Rope Access
* CISRS Scaffolding
* Spray Painting
* Sandblasting
* F/S Carpenter
* Steel Fixer
* Pipe Fitter
* Insulator
* Welders-TIG/MIG/ARC(upto 6G)
* Mason-Marble/Tile/Block
* Industrial Electrician
* Aluminium Fabricator
* A/C Technician
* Plumber



Skill Test / Video Graphy Services
NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety
Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

मध्यान्ह

www.madhyanhadaily.com

२६ वैशाख २०७९, सोमबार
9 May 2022, Monday

# मतदान केन्द्रमा हुने भनिएको खोप कार्यक्रम स्थगित



**काठमाडौं/मस**–स्थानीय तहको निर्वाचनका दिन कोरोना भाइरसविरुद्धको खोप अभियान सञ्चालन नहुने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी प्रवक्ता डा.संगीता कौशल मिश्राले निर्वाचनका दिन अतिरिक्त खोप केन्द्र तथा नियमित खोप अभियान सञ्चालन गर्न कठिनाइ पर्ने भएकाले खोप कार्यक्रम स्थगित गरिएको जानकारी दिइन्।

यसअघि मन्त्रालयले मतदान केन्द्रमा नै खोप केन्द्र सञ्चालन गर्ने बताएको थियो। 'निर्वाचन सम्पन्न गर्न मतदानस्थलमा स्वास्थ्यकर्मीसमेत परिचालन हुने र स्वास्थ्यकर्मीले पनि आफ्नो मताधिकार प्रयोग गर्नुपर्ने हुनाले निर्वाचनका दिन अतिरिक्त खोप केन्द्र तथा नियमित खोप अभियान कार्यक्रम सञ्चालन हुन कठिनाइ भएकाले सो दिन खोप सञ्चालन नहुने जानकारी गराइन्छ', उनले भनिन्। उनले निर्वाचन अघि र पछिका दिनमा खोप केन्द्रमा नियमित खोप अभियान सञ्चालन हुने भएकाले सबैलाई कोभिड-१९ विरुद्धको खोप लगाउन आग्रह गरेकी छिन्।

छिमेकी मुलुकमा पछिल्ला दिनमा संक्रमण बढ्दै गएकाले नेपालमा पनि जोखिम बढ्ने सम्भावना भएकाले सर्तक रहँदै जनस्वास्थ्यका मापदण्ड अपनाउन मन्त्रालयले आग्रह गरेको छ।

यसैबीच देशभर आइतबार नेपालमा थप १७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा चार हजार १० जनाको नमूना परीक्षण गरिएको थियो। दुई हजार ९०५ जनाले पिसिआर र एक हजार १०५ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

आइतबार २१ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ६६ हजार ७८९ पुगेको छ। निको हुने दर ९८ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

कोभिड विरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा २२ हजार १०६ रहेको छ। हाल सक्रिय संक्रमितको संख्या २०१ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ। होम आइसोलेशनमा २०० र संस्थागत आइसोलेशन र आइसियूमा एक जना संक्रमित रहेका छन्।

हाल देशभरमा २०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लाहरू कुनै पनि छैनन्। शून्य संक्रमित रहेका जिल्लामा इलाम, ओखलढुङ्गा, खोटाङ, सोलुखुम्बु, पाँचथर, पर्सा, सप्तरी, रौतहट, सर्लाही, दोलखा, रसुवा, मनाङ, मुस्ताङ, नवलपरासी पूर्व, रुकुम पूर्व, कपिलवस्तु, गुल्मी, बाँके, जाजरकोट, जुम्ला, डोल्पा, हुम्ला, रुकुम पश्चिम, कालिकोट, मुगु, बाजुरा, दार्चुला, बझाङ र डडेलधुरा रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा ५८, ललितपुरमा १० र भक्तपुरमा चार सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।

# एकीकृत समाजवादीका जिल्ला सदस्यसहित ९ जना एमालेमा प्रवेश

दैलेख/मस- नेकपा एकीकृत समाजवादी पार्टीका जिल्ला कमिटी सदस्य नरबहादुर बडुवाल नेकपा एमालेमा प्रवेश गरेका छन्। पार्टीले दैलेखको नारायण नगरपालिका ११ बिन्ध्यावासिनीमा आयोजना गरेको चुनावी सभा कार्यक्रममा जिल्ला सदस्य बडुवाल एमालेमा प्रवेश गरेका हुन्। बडुवाललाई नारायण नगरपालिकाका मेयर पदका उम्मेदवार लोमन शर्मा (काफ्ले), उपमेयर पदका उम्मेदवार तप्ताकुमारी खड्का (थापा), वडा नम्बर ११ का वडाअध्यक्ष पदका उम्मेदवार टंक बहादूर बिष्ट लगायतका नेताहरुले स्वागत गरेका थिए। कार्यक्रममा नेपाली कांग्रेस, राप्रपालगायतका पार्टीबाट ९ जना एमाले प्रवेश गरेका छन्।

चुनावी सभालाई सम्बोधन गर्दै मेयर पदका उम्मेदवार लोमन शर्मा काफ्लेले ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा नागरिकहरुलाई आफ्नो अमुल्य मत दिएर एमालेलाई विजयी गराउन अपिल गरे। आफू विजयी भएमा एकल पुरुषलाई पनि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्ने उनले प्रतिबद्धता गरेका छन्। साथै उनले हरेक वडामा २५ जना युवालाई रोजगारीको व्यवस्था गर्ने बताए। यस्तै, नारायण नगरपालिकाका उपमेयर पदका उम्मेदवार तप्ताकुमारी खड्का थापाले महिलाका सवालहरुलाई पहिलो प्राथमिकतामा राख्ने बताइन। उनले स्थानीय तहमा भ्रष्टाचार मुक्त प्रशासन, गुणस्तरीय विकास निर्माण र सुशासनलाई दृढता पूर्वक कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गरिन्।

यस्तै, वडा अध्यक्ष पदका उम्मेदवार टंक बहादूर बिष्टले नारायण नगरपालिका वडा नं ११ लाई नमुना बनाउनका लागि आफूले उम्मेद्वारी दिएको बताए। वडाको आर्थिक, शैक्षिक, भौतिक पूर्वाधार, स्वास्थ्य, खानेपानी, विद्युत्, शिक्षा, पर्यटन र सरसफाईको क्षेत्रमा विशेष योजना बनाएर काम गर्ने उनको प्रतिबद्धता थियो।

# उपल्लो मुस्ताङमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न



**काठमाडौं/मस**-मुस्ताङमा विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) र सेवा रिग्पा एशोसिएशन अफ नेपालको संयुक्त आयोजनामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।


तीन हप्तासम्म सञ्चालन गरिएको उक्त शिविरमा लो-घेकर दामोदरकुण्ड गाउँपालिका र लोमान्थाङ गाउँपालिका भित्रका १ हजार ७ सय ५० जनाको स्वास्थ्य परीक्षण गरिएको थियो। स्वास्थ्य परीक्षणका क्रममा उनीहरुलाई आवश्यक औषधिसमेत निःशुल्क वितरण गरिएको आयोजकले जनाएको छ। शिविरमा सोवा रिग्पाका ११ जना चिकित्सक तथा आम्चीहरु सहभागी थिए।

वातावरण तथा जैविक विविधताको संरक्षण गरी स्थानीय जडीबुटीहरुको सम्बर्द्धन गर्ने उद्देश्यले दुबै गाउँपालिकाका प्रत्येक वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको एशोसिएशनका अध्यक्ष डा. (आम्ची) तेन्जिङ धार्के गुरुङले मध्यान्हलाई जानकारी दिए। उनका अनुसार कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, आमा समूह, गाउँका मुखिया र विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको सहभागिता रहेको थियो। एशोसिएशनले केही वर्षयता हरेक वर्ष निःशुल्क स्वास्थ्य शिविर र जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ।

जलवायु परिवर्तनको प्रभावका कारण उच्च हिमाली क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी विस्तारै लोप हुँदै गएको अवस्थामा त्यसको संरक्षणका लागि वातावरणीय जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने गण्डकी प्रदेशका प्रदेशसभा सदस्य इन्द्रधर बिष्टले बताए।

कार्यक्रममा लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका निवर्तमान अध्यक्ष राजु विष्ट र लोमान्थाङ गाउँपालिकाका अध्यक्ष सुवर्णकुमार विष्टले सोवा रिग्पा प्राकृतिक उपचार विधिलाई विस्तार गर्न पालिकाहरुले सक्दो सहयोग गर्ने प्रतिबद्वता जनाएका छन्।

# चोरीका ल्यापटप क्यामेरासहित २ जना पक्राउ




**काठमाडौं/मस**-काठमाडौंका बिभिन्न स्थानबाट ल्यापटप, क्यामेरा तथा मोबाइल लगायतका विद्युतीय सामग्रीहरु चोरी गरेको अभियोगमा २ जनालाई पक्राउ गरेको छ। तारकेश्वर नगरपालिका-४ पुरानोगुहेश्वरीबाट प्रहरीले दुई जनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेहरुमा तारकेश्वर नगरपालिका-४ पुरानोगुहेश्वरी बस्ने ३० वर्षीय सुर्य पुतुवार र तारकेश्वर नगरपालिका-४ सानोपुल बस्ने धादिङ गंगाजमुना गाउँपालिका-३ घर भएका १८ वर्षीय किशोर रहेका छन्। काठमाडौं जिल्लास्थित बिभिन्न स्थानबाट बिभिन्न बिद्युतीय सामग्रीहरु चोरी हुने क्रम बढेको जनगुनासो प्राप्त भएपश्चात प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले चोरीमा संलग्न उनीहरुलाई चोरी गरेको १ थान ल्यापटप, २ थान क्यामेरा र विभिन्न कम्पनीका २६ थान मोबाइल सहित पक्राउ गरेको हो।

जिल्ला अदालत काठमाडौंबाट चोरी सम्बन्धी कसूरमा ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।


## मलेसियामा रोजगार

कम्पनी: G NEXUS RETREADING SDN BHD
शहर: Klang

पूर्व स्वीकृत मिति: २०७९/०१/११ | चलानी नं.: ६०१७९०१६ | LT. No.: 243820

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ३३,७०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २ गते (16 May 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. कामना विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत पत्र नं. १६६/०६७/०६८

**ह्वाईट हर्स ईन्टरनेशनल प्रा. लि.**
पो. ब. नं.: १३५४४, नयाँ बानेश्वर, काठमाडौं, फोन: ०१-४७८११०८, ०१-४७९२०४०
Email: wh.adm77487@gmail.com, Web: www.whitehorseintl.com



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ER PLUS COOPERATIVE ASSOCIATION — शहर : SHINSAKURA
पूर्व स्वीकृत मिति: २०७९/०१/२५ | चलानी नं.: ६०१७९०३१ | Lt. No.: 262702

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Frame Working (Farming Construction work) | 3 | 157000 | १,४७,७३७ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ER PLUS COOPERATIVE ASSOCIATION — शहर : SHINSAKURA
पूर्व स्वीकृत मिति: २०७९/०१/२५ | चलानी नं.: ६०१७९०२९ | Lt. No.: 262701

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Worker | 3 | 200000 | १,८८,२०० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ER PLUS COOPERATIVE ASSOCIATION — शहर : SHINSAKURA
